- चौध वर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं।
- बालबालिकालाई श्रमिक बनाउनु कानूनी अपराध हो ।
- बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं ।
- बालबालिकाको शारीरिक र मानसिक विकासमा सहयोग गरौं।

**बालश्रम उन्मूलन अभियानमा सहभागी बनौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com



❖ वर्ष ३६ ❖ २०८० वैशाख १४ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 April 27 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३६


## बारा क्षेत्र-२ को उपनिर्वाचनमा जसपा अध्यक्ष उपेन्द्र यादव विजयी

## ३४ जना उम्मेदवारमध्ये तीनजनाले मात्र जमानत जोगाए

प्रस, वीरगंज, १३ वैशाख/

बारा क्षेत्र नं २ को उपनिर्वाचनको परिणाम सार्वजनिक भएको छ र जसपा अध्यक्ष उपेन्द्र यादव प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।



निर्वाचित भएपछि प्रमाणपत्र बुझ्दै उपेन्द्र यादव (दायाँ) । तस्वीरः प्रतीक

मङ्गलवार राति घोषित परिणाम अनुसार उनले आफ्ना निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका शिवचन्द्र कुशवाहालाई पाँच हजार ८१ मतान्तरले पराजित गरी विजयी भएका हुन् । यादवले २८ हजार ४१५ मत पाए भने कुशवाहाले २३ हजार ३३४ मत पाए ।

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा कुशवाहा जसपाकै रामसहाय यादवसँग ३५४ मतान्तरले पराजित भएका थिए । तत्कालीन अवस्थामा नेकपा माओवादी केन्द्रबाट चुनाव लडेका कुशवाहा उपनिर्वाचनमा जनमत पार्टीबाट चुनाव लडेका हुन् ।

यसैगरी, उपनिर्वाचनमा एमालेका पुरुषोत्तम पौडेलले १० हजार २१६ र राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेलले दुई हजार ८२९ मत प्राप्त गरे । आम जनता पार्टीका अरुणकुमार ज्ञवालीले दुई हजार ७३८, राप्रपाका सोनालालप्रसाद साह तेलीले ११९, नागरिक उन्मुक्ति पार्टीका कमरूल्लाह अन्सारीले १०९, नेमकिपाका मुक्तिप्रसाद यादवले ६० मत पाएका छन् ।

निर्वाचित भएलगत्तै जसपा अध्यक्ष उपेन्द्र यादवले पत्रकारहरूलाई प्रतिक्रिया दिँदै निर्वाचन परिणाम स्वाभाविक भएको बताए । उनले सप्तरीमा पराजित र बारामा जित्नुलाई अस्वाभाविक नलिन आग्रह गरे । उनले बाराका जनताले गुन लगाएको र चुक्ता गर्न हरसम्भव प्रयास गर्ने बताए । उनले तत्काल सरकारमा जाने कुरालाई अस्वीकार गरे । सरकारमा सहभागी हुने तर तत्काल सोच नबनाएको उनले बताए ।

यसैगरी, प्रदेश सरकारले पूर्णता पाउने र सत्ता गठबन्धनका सबै दलको सहभागिता हुने बताए पनि मुख्यमन्त्रीको हेरफेरको विषयमा उनले बोल्न चाहेनन् । उनले नागरिकता, सङ्घीय, आर्थिक सुशासन, मधेसी जनताको प्रतिनिधित्व र सहभागितालगायतका विषयलाई हल गर्न प्रयास गर्ने बताए ।

> तीन दलबाहेक बारा क्षेत्र नं २ को उपनिर्वाचनमा उम्मेदवार भएका सबैले जमानत जोगाउन सकेनन् । उपनिर्वाचनमा राजनीतिक दलबाट १२ जना उम्मेदवार थिए भने स्वतन्त्र २२ जना उम्मेदवार थिए ।
>
> जसपाका उम्मेदवार विजयी भए भने जनमत पार्टी दोस्रो र तेस्रो भएको एमालेले मात्र जमानत जोगाउन सक्यो । बाँकी नौवटा दल र २२ जना स्वतन्त्र उम्मेदवारले जमानत गुमाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेल, आम जनता पार्टीका अरुण ज्ञवाली, राप्रपाका सोनालालप्रसाद साह तेली, नागरिक उन्मुक्ति पार्टीका कमरूल्लाह अन्सारी, नेमकिपाका मुक्तिप्रसाद यादव, नेपाल सङ्घीय समाजवादी पार्टीका नेजारूल अन्सारी, मङ्गोल नेशनल अर्गनाइजेशनका प्रमोद राम चमार र स्वतन्त्र उम्मेदवारहरूले जमानत जोगाउन सकेनन् । उनीहरूले दुई अङ्कभन्दा बढी मत ल्याउन सकेनन् ।

## प्रतिनिधि/प्रदेशसभाका उम्मेदवारले सामाजिक सञ्जालमार्फत खर्च सार्वजनिक गर्दै

प्रस, वीरगंज, १३ वैशाख/

निर्वाचन आयोगले मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका उम्मेदवारहरू पाँच हजार ५६१ जनालाई निर्वाचन खर्च सार्वजनिक गर्न दिएको समयसीमा आज बुधवार सकिँदैछ ।





पछिल्लोपटक आयोगले वैशाख ६ गते निर्णय गर्दै सात दिनभित्र खर्च विवरण सार्वजनिक गर्न आह्वान गरेको थियो । आयोगका उपसचिव एवं सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले वैशाख ११ गते विज्ञप्ति प्रकाशित गर्दै प्रतिनिधिसभा सदस्यका दुई हजार ३७३ र प्रदेशसभाका तीन हजार १८८ गरी पाँच हजार ५६१ जनालाई निर्वाचन खर्च सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयको सूचनापाटी, गाउँपालिका, नगरपालिका, वडा कार्यालयको सूचनापाटी, राजनीतिक दलको कार्यालय, वेबसाइट साथै आम सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्न र सार्वजनिक गरेको प्रमाणसमेतको जानकारी आआफ्नो प्रदेश, जिल्ला निर्वाचन कार्यालयमा दिन निर्देश गरेको थियो ।

यसैक्रममा पर्सा जिल्लाका केही सांसद, प्रदेशसभा सदस्यहरूले आआफ्नो खर्च विवरण सार्वजनिक गरेका छन् ।

हामीलाई प्राप्त सूचना अनुसार प्रतिनिधिसभा सदस्यमा पर्सा क्षेत्र नं १ बाट निर्वाचित सांसद प्रदीप यादवले खर्च विवरण सार्वजनिक गर्दै रु १० लाख ४७ हजार ९८५ खर्च भएको जनाएका छन् । उनले पेश गरेको खर्च विवरणमा मतदाता नामावली खरीद गर्न रु तीन हजार, दुईवटा सवारीसाधन ४१ दिन प्रयोग गरेबापत चार लाख १० हजार, इन्धनमा एक लाख ४३ हजार, प्रचार सामग्रीमा दुई लाख ९३ हजार आठ सय, गोष्ठी–अन्तर्क्रियामा रु ७० हजार, प्रचारप्रसार, छापा तथा विद्युतीय माध्यममा ३१ हजार १८५, कार्यालय सञ्चालन ३० हजार, प्रतिनिधि, कार्यकर्ता परिचालनमा ३० हजार, विविध खर्चमा ३७ हजार गरी रु १० लाख ४७ हजार ९८५ खर्च भएको जानकारी निर्वाचन आयोगलाई दिएका छन् ।

यसैगरी, प्रतिनिधिसभा सदस्यमा पर्सा क्षेत्र नं २ बाट निर्वाचित अजयकुमार चौरसियाले रु १२ लाख ९४ हजार ३१३ खर्च भएको जनाएका छन् । उनले पेश गरेको खर्च विवरणमा मतदाता नामावली खरीदमा नौ हजार ९८०, सवारीसाधनमा एक लाख ३८ हजार ९९०, प्रचारप्रसार सामग्रीमा एक लाख ५५ हजार तीन सय, गोष्ठी–अन्तर्क्रिया तथा नास्ता, चियामा दुई लाख नौ हजार पाँच सय, छपाइ एवं विद्युतीय माध्यम सामाजिक सञ्जालसमेतमा खर्च रु ३२ हजार ४७४, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालन, डिजेल–पेट्रोलमा चार लाख ८६ हजार ६९, पोलिङ एजेन्ट परिचालन खर्च रु दुई लाख छ हजार, विविध खर्च ५६ हजार गरी रु १२ लाख ९४ हजार ३१३ खर्च भएको निर्वाचन आयोगले जनाएको छ ।

प्रदेशसभा सदस्यमा पर्सा क्षेत्र नं २ (२)बाट निर्वाचित श्याम पटेलले तीन लाख ८१ हजार पाँच सय खर्च भएको विवरण पेश गरेका छन् भने पर्सा क्षेत्र नं ३ (२)बाट निर्वाचित जनार्दनसिंह क्षत्रीले तीन लाख ७५ हजार पाँच सय खर्च विवरण पेश गरेका छन् ।

पर्सा क्षेत्र नं ३ (१)बाट प्रदेशसभामा निर्वाचित प्रमोद जयसवालले निर्वाचन खर्च चार लाख २० हजार पेश गरेका छन् ।

यसैगरी, पर्सा क्षेत्र नं ४ बाट प्रतिनिधिसभामा निर्वाचित रमेश रिजालले चुनावमा आठ लाख ११ हजार ३०५ खर्च भएको बताएका छन् । उनले मतदाता नामावलीमा तीन हजार, सवारीसाधनमा एक लाख, प्रचारप्रसार सामग्रीमा पाँच लाख नौ हजार ७२०, अन्य प्रचारप्रसारमा ८२ हजार छ सय, विद्युतीय माध्यम र सामाजिक सञ्जाल, एफएम रेडियोसहित विज्ञापनमा रु ८० हजार, कार्यालय सञ्चालनमा ३५ हजार ९१५ खर्च देखाएका छन् ।

## पर्साको विकासलाई गिज्याउँदै भलुवाही खोलाको अधूरो पुल

राधेश्याम पटेल, परवानीपुर, १३ वैशाख/

पर्सा जिल्लाको विकासमा सबैभन्दा बढी यातायात, सिंचाइ, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा नजर दौडाउनुपर्ने आवश्यकता हुन्छ । अन्य विकास भइरहँदा पर्सामा यातायातको विकासले बिस्तारै फड्को मारिरहेको अवस्थामा अहिले गाउँगाउँमा ढलान र कालोपत्रे सडक बनिरहेका छन् ।

२०७४ सालपछि आएको स्थानीय सरकारले एउटा वडामा बर्सेनि लाखौं रुपैयाँ खर्च गरिरहेको छ । जसमध्ये पहिलो प्राथमिकतामा सडक, विद्यालय, मठमन्दिर, धर्मशाला, मस्जिद, अस्पताललगायतका संरचना निर्माण रहेको छ । तर यहीबीच ११ वर्षदेखि अधूरो रहेको भलुवाही खोलाको पुलमा कसैको नजर पुगेको देखिंदैन ।



जीतपुर–रङ्गपुर–शङ्करसरैया अर्थात् थरुहट सडकखण्ड अन्तर्गत पटेर्वासुगौली र जीराभवानी गापाको दोसाँध भएर बग्ने भलुवाही खोलाको पुल विगत ११ वर्षदेखि अधूरो अवस्थामा छ । आव २०६७/६८ मा सडक डिभिजनले निर्माण गरेको ६० मिटर लामो पुलमा अझै ६० मिटरको स्पान थपेपछि सञ्चालनमा आउन सक्ने स्थानीयहरू बताउँछन् । तत्कालीन अवस्थामा नदीको बहाव क्षेत्र कम हुँदा पुल निर्माणको लागत कम गरिएको र उक्त पुल एक करोड ४० लाख रुपैयाँको लागतमा निर्माण भएर ठेकेदार कम्पनी वीरगंजकै रामाकान्त चौरसियाको मोना कन्स्ट्रक्शनले भुक्तानी पनि पाइसकेको छ । त्यति बेला पुल निर्माण सम्पन्न गरेर दुवैपट्टि एप्रोच सडक पनि बनाइएको थियो तर बाढीले दुवैपट्टिको एप्रोच सडक बगाउँदा आवतजावत अहिलेसम्म बन्द छ ।



पुल निर्माण नभएपछि खोला तरेर जाँदै मोटरसाइकल चालक । तस्वीरः प्रतीक

अहिले पनि पटेर्वासुगौली, सखुवाप्रसौनी, जीराभवानी, जगरनाथपुरलगायतका बासिन्दाहरू सो

(बाँकी पाँचौं पातामा)

## अनुदानको बीउबिजन गुणस्तरहीन भएर उत्पादन घटेको किसानहरूको आरोप

आरके पटेल, वीरगंज, १३ वैशाख/

पर्सा जिल्लामा गहुँ उत्पादन घटेको छ । गत वर्षको तुलनामा यस वर्ष गहुँ उत्पादन घटेको कृषि ज्ञान केन्द्र, पर्साका बाली अधिकृत सुरेश चौरसियाले बताए ।





उनले गहुँको उत्पादन घट्नुको प्रमुख कारण खडेरी र समयमा मल, बीउबिजनको अभाव भएको बताएका छन् । समयमा वर्षा नहुँदा सिंचाइ सुविधा अभाव र मल तथा बीउबिजन पनि किसानहरूले उपयुक्त समयमा नपाउँदा गहुँ उत्पादन घटेको उनले बताए । गत वर्ष पर्सा जिल्लामा २६ हजार ६० हेक्टर क्षेत्रफलमा गहुँखेती भएको र ७९ हजार ७४३ मेट्रिक टन गहुँ उत्पादन भएको थियो ।

यस वर्ष २६ हजार ६५ हेक्टर क्षेत्रफलमा गहुँखेती भएकोमा ७० हजार ३७५ मेट्रिक टन गहुँ उत्पादन भएको बाली अधिकृत चौरसियाले बताए । गत वर्षको तुलनामा गहुँखेती बढे पनि उत्पादन भने घटेको छ । गत वर्षभन्दा पाँच हेक्टर बढी क्षेत्रफलमा गहुँखेती गरिएको तर उत्पादन भने गत वर्षको तुलनामा नौ हजार मेटनभन्दा कम भएको उनले जानकारी गराए । बाली अधिकृत चौरसियाले खडेरी र बीउबिजनको अभावमा गहुँ उत्पादन घटेको बताए पनि किसानहरूले स्थानीय पालिकाबाट सहुलियतमा प्राप्त बीउबिजनका कारण गहुँ उत्पादन घटेको आरोप लगाएका छन् ।

धोबिनी गाउँपालिका–४ का किसान धुरेन्द्र दासले पालिकाबाट सहुलियतमा प्राप्त बीउबिजनको कारण उत्पादन घटेको बताए । उनले पालिकाबाट सहुलियतमा दिइएको बीउबिजन गुणस्तरीय नभएको आरोप लगाए । यसअघि, आफैंले राखेको बीउ वा बजारबाट खरीद गरेको बीउबाट प्रतिकट्ठा तीन मनसम्म गहुँ उत्पादन हुने गरेको तर यसपटक पालिकाबाट प्राप्त सहुलियतको गहुँको बीउ प्रयोग गर्दा प्रतिकट्ठा डेढदेखि दुई मनसम्म उत्पादन भएको बताए ।

अर्का किसान रामेश्वर साह

(बाँकी पाँचौं पातामा)

**विचारसार एवं सूक्तिहरू**

**असल मानिस र राम्रो किताब हेरेर बुझ्न सकिन्न, पढ्नै पर्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# उपनिर्वाचनको सन्देश

**मुलुकका तीनवटा निर्वाचन क्षेत्रमा हालै प्रतिनिधिसभाको उपनिर्वाचन सम्पन्न भयो । उपनिर्वाचनले धेरै अपत्यारिला परिणाम नदिए पनि सोचनीय परिणाम दिएको छ । चुनावमा आफ्नो साख जोगाउनका लागि पनि नेपाली काङ्ग्रेस, रास्वपा र जसपाले एक/एक सिट जित्नै पर्ने थियो । रवि लामिछानेको क्षेत्र, नेकाको तर्फबाट राष्ट्रपतिमा निर्वाचित रामचन्द्र पौडेलको क्षेत्र र उपराष्ट्रपतिमा जसपाबाट निर्वाचित रासहायप्रसाद यादवको क्षेत्रमा उपनिर्वाचन भएको हो । जितेका उम्मेदवारलाई उपल्लो ओहोदामा स्तरोन्नति गरेर ठाउँ खाली गराएको कारण पनि तनहुँबाट काङ्ग्रेस र बाराबाट जसपाले जित्नै पर्ने बाध्यता थियो । चितवनका रविलाई भने नागरिकता प्रकरणले सांसद पद खारेज भएपछि र भर्खरै सङ्गठित दल भएको हुँदा त्यस प्रकरणले उसलाई फाइदा, बेफाइदा के हुन्छ भन्नेबारे यकीन थिएन । आमनिर्वाचनदेखि उपनिर्वाचनसम्म आइपुग्दा रास्वपाको शक्ति एवं जनविश्वास स्खलित भइसकेको अनुमान लगाउनेहरू पनि थिए । त्यसैले रवि पराजित नै भएपनि अचम्म मान्ने अवस्था थिएन ।**

**मुलुकको ठूलो र सत्तारूढ दल काङ्ग्रेसले साख जोगाउन सकेन । तनहुँको हार नेपाली काङ्ग्रेसको मात्र हार नभई सत्ताको हार हो । नवनिर्वाचित राष्ट्रपतिको क्षेत्र र सत्तारूढ पाँच दलका साझा उम्मेदवार थिए गोविन्द भट्टराई । तनहुँमा नेकाको हाइकमान्डका साथै प्रधानमन्त्री प्रचण्डदेखि गठबन्धनका चारजना पूर्वप्रधानमन्त्रीहरूसमेत डा स्वर्णिम वाग्लेविरुद्ध एकजुट थिए । यसको च्याँखे दाउमा एमाले थियो । वाग्लेको जीतमा उनको व्यक्तित्वले ठूलो भूमिका खेलेको छ । योग्यता र क्षमता अनुसार नेकाले भूमिका नदिएपछि उनी रास्वपामा गएका हुन् । वाग्लेले नेकाबाट टिकट पाएको भएपनि जित्ने रहेछ भन्ने देखियो । ४ मङ्सिरको चुनावमा तनहुँ १ मा काङ्ग्रेसले समानुपातिकतर्फ २० हजार १५८ मत पाएको थियो । उपनिर्वाचनमा काङ्ग्रेसका उम्मेदवार गोविन्द भट्टराईले २० हजार १२२ मत पाएका छन् । उपनिर्वाचनमा काङ्ग्रेसका पूर्व जिल्ला पदाधिकारी, युवा, नेता र असन्तुष्ट पक्षहरू वाग्लेका साथमा थिए । यसका साथै वाग्लेको व्यक्तित्वबाट प्रभावित मत उनी जता गए पनि पाउँथे ।**

**चितवनमा रविलाई सहानुभूतिको मत बढ्यो । उनलाई जुन चाहनाका साथ चितवनवासीले मत दिएका थिए, सोही अनुरूप केही गर्छु भन्दाभन्दै उनको पद गयो । पद जानुमा पनि कुनै चित्तबुझ्दो कारण मतदाताले देखेनन् र रविप्रति मतदाताको झुकाव झन् बढ्यो । रविलाई सर्वसाधारण मतदातासँग प्रत्यक्ष गराउने ठूलो भूमिका सञ्चारमाध्यम र सामाजिक सञ्जालको छ । मङ्सिर ४ को चुनावमा उनलाई नचिनेका मतदाताले पनि उपचुनावसम्म आइपुग्दा चिने । अर्को के पनि हो भने ठूला तथा पुराना दलहरूको विकल्प खोजिरहेका स्वतन्त्र मतदाताले विकल्पको रूपमा रास्वपा पाए । बारामा अलि फरक पर्‍यो । यहाँ परिवर्तनका पक्षधर मत विभाजित भए । रास्वपा, जनमत र आम जनता पार्टी, तीनतर्फ मत जाँदा सत्ता गठबन्धनलाई फाइदा भयो । महत्त्वपूर्ण कुरा, रास्वपाले जनचाहना अनुसारको उम्मेदवार दिन सक्यो । रवि र वाग्ले उम्मेदवार नभए परिणाम फरक हुन सक्थ्यो । "दलको नाममा जो उठे पनि जितिन्छ भन्ने कुरालाई अब मतदाताले स्वीकार्दैनन्, पुराना दलहरूको व्यवहारबाट नागरिक वाक्क छन्, हिजोसम्म पार्टी कार्यकर्ताको रूपमा रहेका मतदाता अब वास्तविक मतदाताको भूमिकामा आउन थालेका छन्," भन्ने सन्देश उपनिर्वाचनले दिएको छ ।**

# कामममा सुरक्षा र स्वास्थ्यको सवाल

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**सुरक्षाका लागि काम दिने व्यक्ति वा संस्था तथा काम गर्ने व्यक्ति दुवैले ध्यान दिनुपर्ने हुन्छ । बिजुलीको काम गर्ने मानिसले अरूले दिएको सुरक्षाभन्दा आफू स्वयम् सतर्क र सुरक्षित रहन बढी ध्यान केन्द्रित हुनुपर्ने हुन्छ । सुरक्षाको सवालमा सदैव दुवै पक्ष गम्भीर हुनैपर्छ ।**

हरेक कर्मशील मानिसले आफ्नो कर्म गरिरहेको हुन्छ । अझ कतिपय मानिसको त निश्चित जिम्मेवारी हुन्छ । निश्चित जिम्मेवारी कसरी वा कुन तरीकाले निर्वाह गर्ने भन्ने कुरो तिनीमाथि नै निर्भर हुन्छ । विश्वका धेरै देशमा काम गर्ने वा गराउने तरीका यस्तो छ कि निश्चित कामका लागि निश्चित रकम र निश्चित प्रक्रिया तोकिएको हुन्छ । हो, हामीले बुझेको सामान्य ठेक्काजस्तो । ठेक्काका लागि पनि कामका शर्त र प्रक्रिया निर्धारण गरिएको हुन्छ र समयमा काम गर्नुपर्ने हुन्छ । त्यसरी नै कतिपय देशमा र कतिपय सरकारी नोकरीमा पनि कामको प्रकृति हेरी सबै प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । अझ कहींकहीं कामको लागि सम्झौता गर्नुपर्ने पनि हुन्छ । यसलाई कतैकतै कार्यसम्पादन सम्झौता पनि भनिएको पाइन्छ । कार्यसम्पादन सम्झौता गरिएको वा गराइएको हुन्छ । यसले कति समयमा कति काम र कसरीभन्दा पनि कुन गुणस्तरको हुने भन्ने स्पष्ट गरेको हुन्छ । यसैगरी, कार्यसम्पादन सम्झौताले कामको परिणाम खोज्छ । अर्थात् कामको नतीजाले नै काम भएको वा नभएको देखाउँछ । यसरी विभिन्न प्रकृतिले कामसित सम्बन्धित जिम्मेवारी वा कर्तव्यबोध गराउने किसिमका चलन रहेका छन्, जसले कामलाई मात्र महत्त्व दिएको हुँदैन, कामलाई महत्त्व दिंदादिंदै पनि अन्य पक्षलाई पनि समेटेको हुन्छ ।

एक सामान्य मजदूरले पनि धनीको अपेक्षा अनुसार काम गरेन भने फेरि काममा लगाउँदैन । हरेक दिन विदेश गइरहेका हजारौं नेपाली जहाँ पुग्छन्, त्यहाँ उपलब्धिपूर्ण काम गर्दैनन् वा सन्तोषजनक कार्य सम्पन्न गर्दैनन् भने रोजगारमा राखिंदैन । विद्यार्थीले पनि यदि कक्षामा कम्तीमा पास हुने नम्बर ल्याउँदैन भने उसको कक्षोन्नति हुँदैन । पूजा गराउने पुजारीले यदि यजमानको चित्त बुझ्नेगरी पूजा गराउँदैनन् भने पारिश्रमिक कम दिन्छन्, समयमा दिंदैनन् वा अर्कोपटकदेखि पूजा गर्न बोलाउँदैनन् । यसरी काम लगाउनेले कामबाट आफूलाई हुने आम्दानी आकलन गरेको हुन्छ, विचार गरेको हुन्छ । अहिलेसम्म काममा जानेले कामको प्रकृति तथा ज्यालाबारे विचार गरेका हुन्छन् तर यससित सम्बन्धित अन्य दुई पक्ष रहेका छन्, स्वास्थ्य र सुरक्षा ।

मलेशियामा एकजनाले बेकरी उद्योगमा काम पाएका थिए । हरेक महीना समयमैं तलब पाउँथे । हरेक दिन दुई/चार घण्टा वा चाहेमा अझ एक/दुई घण्टा बढी काम गर्ने अवसर थियो, जसलाई ओभरटाइम भन्थे । काम गर्दा ओभरटाइमसहितको रकम महीना मर्नासाथ दिने हुँदा ज्याला पाउने दिन खुशी हुन्थे । ज्याला पाएपछि हुने खुशीले सबै दुःख बिर्सन्थे । दुःख कस्तो थियो भने आगोनजीक काम गर्नुपर्थ्यो । शुरूको एक/दुई महीना त काम गर्ने कि फर्केर जाने व मर्नेजस्तो भएको थियो रे । कहिल्यै त्यति तातोमा काम गर्ने बानी नभएको, घरको गरीब नै भएपनि सुकुमार, बुबाआमाको प्यारो छोरोले जीउ पोल्ने, डढाउने तथा अत्यन्त डर लागिरहने ठाउँमा काम गर्नुपर्दा निकै मन रुन्थ्यो तर विकल्प थिएन । काम नगरी हुँदैन र कामको प्रकृति नै त्यस्तै भएपछि जतिसुकै जोखिम मोलेर पनि काम गरिरहे । दुई महीनामा नै उसको हात र खुट्टामा ठाउँठाउँमा घाउ निस्क्यो । आगोले पोलेको घाउमा लगाउन बेकरी उद्योगले नै मलम दिन्थ्यो तर गर्मी ठाउँ भएको तथा यता त्यसभन्दा पहिले कहिल्यै काम नगरेको हुनाले समस्या विकराल थियो । त्यहाँ चार वर्ष काम गरे । चार वर्षमा गाउँमा करीब डेढ बिघा खेत पनि किने । खेत किनेपछि अब जग्गाबाटै पेट पाल्न सकिन्छ भन्ने लागेपछि फर्केर घर आए । घर आएपछि दुई महीना बिरामी परे । बिरामी पर्नुको कारण भने विपरीत वातावरण थियो । पूरै सुक्खा ठाउँमा पाउरोटी सेक्ने काम गरिरहेको र जीउ सधैं पोल्नेगरी कामको प्रकृतिविपरीत ठन्डीको महीनामा घर आउँदा वातावरणीय समस्या परेको थियो ।

माथिको एउटा उदाहरण मात्र हो । यस्ता वा यसभन्दा कठिन वा निकै सजिलो कामको प्रकृति हेरी अवस्था भिन्न हुन सक्छ । अहिले पनि हरेक दिन परदेशबाट केही लाश आइरहेको भनिन्छ । परदेशमा कामको सिलसिलामा हुने जोखिमलाई माथिको उदाहरणले पनि पुष्टि गर्छ । पैसाको मोह एकातिर र स्वास्थ्यको जोखिम अर्कोतिर हुने कामहरू हुन्छन् । काममा सुरक्षाको लागि व्यवस्था पनि गरिएको हुन्छ तर कतिपय काममा सुरक्षाको प्रकृति फरक हुन्छ । आणविक भट्टीहरूमा पनि त मजदूर काम गरिरहेका हुन्छन् । एक्स-रे मेशिन चलाउनेले पनि काम गरिरहेको हुन्छ । माटो खन्ने क्रममा ढिस्कोले पुरिएर पनि मानिस मरेको खबर सुनिन्छ । पहाडमा गोठालो जाँदा, जङ्गली जनावर र भीरबाट लड्ने जोखिम हुन्छ तर यस्तो जोखिम सम्बन्धितलाई मात्र थाहा हुन्छ । कामको जोखिमबारे जानकारी नहुँदा भने समस्या आइलाग्छ । समस्या कहिलेकाहीं गम्भीर पनि हुन सक्छ । केही महीना पहिले सर्लाहीमा एकजनाको, रूखबाट स्याउला झार्ने क्रममा लडेर मृत्यु भएको थियो ।

सामान्यतया काममा सुरक्षा हुनुपर्छ भन्ने हो । सुरक्षाका लागि काम दिने व्यक्ति वा संस्था तथा काम गर्ने व्यक्ति दुवैले ध्यान दिनुपर्ने हुन्छ । बिजुलीको काम गर्ने मानिसले अरूले दिएको सुरक्षाभन्दा आफू स्वयम् सतर्क र सुरक्षित रहन बढी ध्यान केन्द्रित हुनुपर्ने हुन्छ । सुरक्षाको सवालमा सदैव दुवै पक्ष गम्भीर हुनैपर्छ । यदि धूलो वा धूवाँयुक्त ठाउँमा काममा कसैलाई लगाउनु छ भने धनीले धूलो र धूवाँबाट जोगाउने साधनको व्यवस्था कामदारको लागि गरिदिनुपर्छ । यसैगरी, सम्भव भएसम्म कसरी कम धूलो र धूवाँ होस् भनेर ध्यान दिनुपर्छ र कामदारले पनि धनीमाथि मात्र निर्भर नरही कसरी हुन्छ धूलो र धूवाँको प्रभावबाट जोगिन सकिन्छ भनेर आफैंले हरसम्भव प्रयास गर्नु उचित हुन्छ । यसरी काम गर्ने ठाउँमा सुरक्षा हुन्छ र स्वास्थ्यको दृष्टिकोणले पनि राम्रो हुन्छ । बज्जिका भाषामा एउटा उखान छ– रहिहन जीउ त खइहन घिउ आ नरहिहन जीउ त कथि खइहन घिउ । यस उखानले पनि स्वास्थ्य र सुरक्षाप्रति गम्भीर हुनुपर्ने बताउँछ । जीउ रहे घ्यू खाइन्छ तर जीउ नै रहेन भने कसले घ्यू खाने ?

अहिले अनेक नियम तथा कानून निर्माण भइसकेका छन् तर कार्यान्वयन पक्ष भने कमजोर छ । काम दिने प्रतिष्ठानले जहिले पनि आफ्नो हित बढी चाहेको हुन्छ । कामदारले पनि आफ्नो हित नचाहने होइन । दुवैको हित हुने बीचको बाटो निकाल्दा पनि, स्वास्थ्य र सुरक्षाको सवाल भने रहिरहन्छ । असुरक्षित तरीकाले काम गर्नुहुन्न । आफ्नै खेतमा विद्युतीय मोटरले पानी पटाउने क्रममा मानिसहरूले ज्यान गुमाउने गरेको खबर पनि आउने गरेको छ । घरैमा पनि करेन्ट लागेर मानिस मरेका वा घाइते भएका खबरहरू आइरहन्छन् । हो, अरूले काममा लगाउँदा मात्र स्वास्थ्य तथा सुरक्षाको दृष्टिकोणले सतर्क रहनुपर्छ भन्ने होइन, हरेक समय र नितान्त आफ्नै काममा स्वास्थ्य र सुरक्षा दुवै दृष्टिले विचार गर्नैपर्ने हुन्छ । स्वास्थ्य र सुरक्षाप्रति संवेदनशील नहुने हो भने कुनै पनि काम लामो समयसम्म गरिरहन मुश्किल हुन्छ । अर्को अर्थमा जुन उद्देश्य लिएर काम गरिएको हो, प्रत्युत्पादक हुन सक्ने सम्भावना रहन्छ । समुदाय तथा राज्यले पनि कामको प्रकृति हेरी त्यसमा स्वास्थ्य र सुरक्षाको सवालबारे राम्ररी विचार गरिदिनुपर्ने हुन्छ । कुनै उद्योग लगाउँदा उद्योगको फोहोर वा दुर्गन्धले नजीकको बस्तीलाई प्रभावित पार्दछ भने त्यस बस्तीमा मानिसले त्यस उद्योगमा काम पाउँदा पनि घाटा नै छ । यस कारण यस्ता उद्योगहरूलाई सम्भव भएसम्म बस्तीदेखि टाढा नै लगाउनु उचित हुन्छ । यसरी काममा सुरक्षा र स्वास्थ्यको मुद्दालाई सदैव विचार गर्नु सर्वथा उचित देखिन्छ ।

# कर्मचारीद्वारा ठाराब क्याम्पसमा तालाबन्दी




प्रस, वीरगंज, १३ वैशाख/

ठाकुर राम बहुमुखी क्याम्पसका विभिन्न शाखामा बुधवार त्रिवि कर्मचारी सङ्घ ठाराब क्याम्पस एकाइले तालाबन्दी गरेको छ ।

स्ववियु निर्वाचनको विवादका कारण विद्यार्थीहरूले पटक-पटक क्याम्पसमा तालाबन्दी गर्दा शैक्षिक तथा प्रशासनिक कार्य प्रभावित भएको र तलबभत्ता पनि नपाएको विरोधमा त्रिवि कर्मचारी सङ्घ ठाराब क्याम्पस एकाइ समितिका अध्यक्ष किशोरीप्रसाद चौधरीको नेतृत्वमा कर्मचारीहरूले बुधवार क्याम्पसमा तालाबन्दी गरेका हुन् ।

विवाद समाधानतर्फ क्याम्पस प्रशासनले ध्यान नदिएपछि आज अध्यक्ष चौधरीको नेतृत्वमा कर्मचारीहरूले सहायक क्याम्पस प्रमुख शाखा, सूचना प्रविधि शाखा, सामान्य प्रशासन तथा स्टोर शाखा, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, स्नातकोत्तर कार्यालय, विद्यार्थी कल्याण तथा खेलकूद शाखा, पुस्तकालय प्रशासन भवन, पिजी विभागमा तालाबन्दी गरेका हुन् ।

# उपप्रमुखको छड्के, १५ जना अनुपस्थित

प्रस, पोखरिया, १३ वैशाख/

पोखरिया नगरपालिका कार्यालयमा बुधवार उपप्रमुख रूबीकुमारी ठाकुरले छड्के अनुगमन गर्दा १५ जना कर्मचारी अनुपस्थित भएपछि कारबाई गरेकी छन् ।

अनुगमनका क्रममा उपप्रमुख ठाकुरले कार्यालय समयमा अनुपस्थित रहेका १५ जना कर्मचारीको हाजिरी काटेकी हुन् । बुधवार बिहान कार्यालय समयमा विभिन्न शाखा र फाँटमा पुगेर ठाकुरले अनुगमन गर्दा १५ जना कर्मचारी अनुपस्थित भएको पाइएपछि निमित्त प्रमुख प्रशासकीय अधिकृत कौशलेन्द्र मिश्रको रोहबरमा ती कर्मचारीको हाजिरी काट्न लगाएकी हुन् । उपप्रमुख ठाकुरले कर्मचारीहरू कार्यालय समयमा नआउने प्रवृत्ति बढेको गुनासो आएपछि अनुगमन गरिएको बताइन् ।

# साबुन बनाउने तालीम सम्पन्न

प्रस, वीरगंज, १३ वैशाख/

वीरगंज महानगरपालिका-१ मा सात दिने व्यावसायिक साबुन बनाउने तालीम सम्पन्न भएको छ ।




गरीबी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक तथा प्राविधिक सहयोग र वीरगंज महानगरपालिकाको आयोजनामा सम्पन्न तालीममा २६ जनाको सहभागिता थियो ।

कार्यक्रमका प्रमुख अतिथि उपप्रमुख इम्तियाज आलमले सिकेको सीपलाई सदुपयोग गरेर आत्मनिर्भर बन्न आग्रह गरे । उनले साबुन बनाउने तालीमबाट व्यवसाय गरेर जीविकोपार्जन गर्न सकिने बताए । तालीममा सहभागीहरूलाई उपप्रमुख आलमले प्रमाणपत्र वितरण गरेका थिए । वडासदस्य राधिका देवीको अध्यक्षतामा भएको कार्यक्रममा आन्तरिक विकास महाशाखाका प्रमुख प्रतिज्ञा वैध, वडासदस्य रम्भावती देवी, कर अधिकृत विपना बखेल, आशिषकुमार यादव, उद्यम विकास सहजकर्ता गुजिला भण्डारीलगायतको सहभागिता थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थतन्त्र सुधार्नेबारे जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेश

काठमाडौं, १३ वैशाख/रासस

बिग्रँदो अवस्थामा रहेको अर्थतन्त्रको सुधारका लागि भन्दै राष्ट्रियसभाको




आजको बैठकमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेश गरिएको छ ।

'सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने' विषयको सार्वजनिक महत्त्वको प्रस्ताव पेश गरिएको हो । सांसद मदनकुमारी शाह (गरिमा) प्रस्तावक रहेको यो प्रस्तावमा सांसद अनीता देवकोटा, खिमलाल देवकोटा, जयन्तीदेवी राई, जीतेन्द्रनारायण देव, तुलप्रसाद विश्वकर्मा, दिलकुमारी रावल थापा (पार्वती), प्रमिला कुमारी, डा विमला राई पौड्याल, शेखरकुमार सिंह र सुरेशकुमार आलेमगर समर्थक रहेका छन् । राष्ट्रियसभामा उक्त प्रस्ताव पेश गर्दै सांसद शाहले राजनीतिक शासन व्यवस्था फेरिए पनि मुलुकको अर्थतन्त्र र विकासको अवस्था नफेरिएको बताइन् । अब सबैको लक्ष्य र उद्देश्य समाजवाद उन्मुख अर्थतन्त्र निर्माण हुनुपर्ने उनको भनाइ छ । "मुलुकको अर्थतन्त्र ओरालोमा छ, यसै कारण मुलुक कतै असफल हुने त होइन भन्ने चिन्ता छ, पर्याप्त लगानी आएको छैन, नीतिगत भ्रष्टाचार रोकिएको छैन, पारदर्शिता छैन," उनले भनिन्, "राजनीतिक परिवर्तन भएपनि हामीले आर्थिक परिवर्तन गर्न सकेनौं, मुलुकको खराब अर्थतन्त्रका कारण आम मानिसको जनजीवन नराम्रोसँग प्रभावित भइरहेको छ ।"

आर्थिक गतिविधिमा सुस्तता देखिंदा र सूचकहरू बिग्रँदा त्यसले नागरिकमा सरकारप्रति वितृष्णा जगाएको पनि उनले बताइन् । "बढ्दो महँगी, बैंक तथा वित्तीय संस्थाको कर्जा तिर्न नसक्ने अवस्था, चर्को ब्याजदरलगायतका कारण नागरिकमा निराशा र राजनीतिप्रति वितृष्णा देखिन थालेको छ, यसलाई समाधान गर्नु सरकारको पहिलो कर्तव्य हो," सांसद शाहले भनिन् ।

उक्त प्रस्तावको समर्थनमा सांसद अनीता देवकोटाले राजनीतिक व्यवस्था परिवर्तन भएपनि लामो समयदेखि नागरिकको अवस्था परिवर्तन हुन नसकेकाले सरकारले अब तत्काल सुधारको प्रयास थाल्नुपर्ने बताइन् । "नागरिकको जनजीवन झन् खराब हुँदै गएको छ, अहिले आगामी आर्थिक वर्षको बजेटबारे पनि तयारी भइरहेकाले सरकारले अर्थतन्त्र सुधारका लागि तत्कालै प्रयास थाल्नुपर्छ," उनले भनिन् ।

सांसद खिमलाल देवकोटाले अर्थतन्त्रमा संरचनागत समस्या रहेकाले त्यसलाई जरैबाट समाधान गरिनुपर्ने बताए । "आयातमा आधारित राजस्व र उपभोगमा आधारित विप्रेषणलाई अहिलेसम्म कुनै पनि सरकारले चिर्न सकेन, गम्भीरतापूर्वक प्रयास नै भएन," उनले भने, "व्यापार घाटा हरेक वर्ष कहालीलाग्दो तरिकाले बढिरहेको छ, बिहान उठेदेखि बेलुका सुतेसम्म र जन्मेदेखि मृत्युसम्ममा प्रयोग हुने हरेक सामान आयात भइरहेका छन् ।" कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को तुलनामा व्यापार घाटाको अनुपात बढ्दै गएको उनको भनाइ छ ।

उक्त प्रस्तावमाथि छलफल गर्ने क्रममा सांसदहरूले यो विषयलाई सत्तापक्ष र प्रतिपक्षका रूपमा नभई सबैको साझा सरोकारको विषय हुनुपर्नेमा समेत जोड दिएका छन् । सार्वजनिक महत्त्वको प्रस्ताव पेश हुँदै गर्दा र छलफलका क्रममा अर्थमन्त्री उपस्थित हुनुपर्ने भन्दै सांसदहरूले विरोध जनाएका थिए । प्रमुख प्रतिपक्ष दलका सांसदले उभिएर उक्त प्रस्तावको छलफलमाथि भाग नलिने भन्दै विरोध जनाएका थिए । त्यस कारण १४ मिनेटका लागि बैठक नै स्थगित भएको थियो । अर्थमन्त्री राष्ट्रियसभामा उपस्थित भएपछि छलफल अघि बढेको हो ।

**सांसदको सङ्ख्या घटाउन माग**

राष्ट्रियसभाको आजको बैठकमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको सङ्ख्या परिमार्जन गर्न माग गरिएको छ ।

बैठकको शून्य समयमा सांसद खिमलाल देवकोटाले शासन व्यवस्था तथा पार्टी नेतृत्व तहमा सुधारको आवश्यकता औंल्याए । उनले भने, "प्रधानमन्त्रीको कार्यकाल दुईपटक, सांसद वा मन्त्री तीनपटक र पार्टी/दलको नेतृत्व दुई कार्यकालभन्दा बढी नहुने व्यवस्था गरौं । समानुपातिक समावेशी सहभागितालाई प्रत्यक्ष निर्वाचन प्रणालीमैं समावेश गरी समानुपातिक निर्वाचन प्रणाली खारेज गरौं । " उनले प्रतिनिधिसभामा सदस्य सङ्ख्या २७५ बाट घटाएर १६५ र प्रदेशसभाको सङ्ख्या ५५० बाट घटाएर ३३० मात्रै कायम गर्न सुझाव दिए ।

विभिन्न आयोग तथा सरकारी कार्यालयमा हुने नियुक्ति प्रक्रिया नियमसङ्गत नरहेको पनि उनको भनाइ छ । "अदालत, संवैधानिक निकाय, विश्वविद्यालयलगायतका निकायहरूमा दलीय भागबन्डाका आधारमा गरिने नियुक्ति र सार्वजनिक संस्थानहरूमा पार्टी सदस्य भर्ना गर्ने काम बन्द गरौं," उनले भने ।

नागरिकका समस्या र गुनासा तत्कालै सम्बोधन गर्न सरकारले संयन्त्र बनाउनुपर्ने उनको सुझाव छ ।

**एमाले अध्यक्ष ओलीमाथि भएको अभद्र व्यवहारप्रति ध्यानाकर्षण**

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का प्रमुख सचेतक पदम गिरीले आफ्नो पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीमाथि भद्रपुरको कार्यक्रमस्थलमा जाँदै गर्दा अभद्र व्यवहार भएको जनाउँदै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकको शुरूमैं आकस्मिक समयमा उनले भद्रपुर विमानस्थलबाट झापाको बुधवारेमा आयोजित एक कार्यक्रममा सहभागी हुन जाने क्रममा केही समूहबाट होहल्ला तथा ढुङ्गामुढाको प्रयास भएको भन्दै आपत्ति प्रकट गरे ।

प्रमुख सचेतक गिरीले आफ्नो पार्टी शान्तिपूर्ण राजनीतिमा विश्वास गर्ने उल्लेख गर्दै यस्ता अवाञ्छित गतिविधिको विरोध गर्ने स्पष्ट पारे ।

सोही पार्टीका सांसद बिजुला रायमाझीले काठमाडौं महानगरपालिका–६ को सरस्वती नगरस्थित आफ्नो व्यवसाय गर्दै आएकी नीरा पाण्डे आचार्यको हत्या भएको सात दिन बितिसक्दा पनि अझै दोषी पत्ता लाग्न नसकेको भन्दै सभामुखमार्फत गृह मन्त्रालयको ध्यानाकर्षण गराइन् । उनले घटनाको सत्यतथ्य छानबीन गरी दोषीलाई छिटोभन्दा छिटो कानूनी कारबाईको दायरामा ल्याउन माग गरिन् ।

नेपाली काङ्ग्रेसका सांसद गगनकुमार थापाले अहिले नीरा पाण्डेको परिवार शोकमग्न अवस्थामा रहेको जनाउँदै घटनाका दोषी पत्ता लगाइ कारबाईको दायरामा ल्याउन गृह मन्त्रालयको ध्यानाकर्षण गराए ।

सांसद थापाले सिङ्गो काठमाडौंको सुरक्षा संवेदनशीलतालाई ध्यानमा दिएर कुनै ठाउँविशेष मात्र नभई पूरै काठमाडौंमा सिसी क्यामेरा जडान गर्नुपर्ने सुझाव दिए । सांसद प्रभु साहले वर्षायामको सुरुआतसँगै आइपर्ने विपद् व्यवस्थापनको सम्बन्धमा सरकारले गरेका पूर्वतयारीबारे सदनलाई जानकारी गराउन माग गरे ।


**पाँचपोखरी नमूना अर्गानिक कृषि फार्मः** सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्पाल गाउँपालिका–४ खलङ्गाटारका युवाहरूले सञ्चालन गरेको अर्गानिक कृषि फर्म । रासायनिक मल र विषादीको प्रयोग भएको तरकारीबाली वृद्धि भइरहेको बेला पुरानै अवस्थामा फर्कने गरी अर्गानिक उत्पादनमा कृषकहरू उत्साहित भएर लागेका छन् । वैदेशिक रोजगारबाट फर्केपछि युवाहरू मिलेर पाँचपोखरी नमूना अर्गानिक कृषि फार्म सञ्चालन गर्दै आएका छन् । तस्वीरः रासस

# संसदीय सुनुवाइका लागि राष्ट्रियसभाबाट तीन सांसद मनोनीत

काठमाडौं, १३ वैशाख/रासस

संसदीय सुनुवाइ समितिका लागि राष्ट्रियसभाबाट तीनजना सांसद मनोनीत भएका छन् । राष्ट्रियसभाको आजको बैठकले सांसदहरू जगप्रसाद शर्मा, देवेन्द्र दाहाल र रमेशजङ्ग रायमाझीलाई उक्त समितिमा मनोनीत गर्ने सहमति दिएको हो ।

सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ को उपनियम २ बमोजिम संसदीय सुनुवाइ समितिमा उनीहरूलाई मनोनीत गर्न राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सिफारिश गरेका थिए । अध्यक्ष तिमिल्सिनाले गरेका मनोनयन सिफारिश प्रस्तावलाई राष्ट्रियसभाले सहमति दिएको हो ।

प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदूत पदमा नियुक्तिका लागि प्रस्ताव गरिएका नाममा सुनुवाइका लागि संसदीय समिति रहने व्यवस्था छ ।

समितिमा प्रतिनिधिसभाको सहमति लिई सभामुखले मनोनीत गरेका प्रतिनिधिसभाका १२ जना र राष्ट्रियसभाको सहमति लिई अध्यक्षले मनोनीत गरेका राष्ट्रियसभाका तीनजना गरी कुल १५ जना सदस्य रहने व्यवस्था छ ।

समितिको सभापति सदस्यमध्येबाट एकजना चयन हुने व्यवस्था छ ।

# घट्यो शेयर बजार

काठमाडौं, १३ वैशाख/रासस

पूँजीबजारमा दोहोरो अङ्कको गिरावट देखिएको छ । बुधवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १३ दशमलव ६८ अङ्कले घटेर एक हजार ८९२ को बिन्दुमा कायम भएको हो । आज २६४ वटा कम्पनीका २५ लाख ७१ हजार २०२ कित्ता शेयर २३ हजार ४२९ पटक खरीद–बिक्री हुँदा रु ८४ करोड ७० लाख २८ हजार २१९ बराबरको कारोबार भएको छ ।

आज नेप्सेका सबै इन्डेक्सका सूचक रातो देखिएका छन् । सेन्सेटिभ इन्डेक्स दुई दशमलव ११, फ्लोट इन्डेक्स एक दशमलव ०१ र सेन्सेटिभ फ्लोट इन्डेक्स शून्य दशमलव ७७ अङ्कले घटेका छन् ।

त्यस्तै, सबै समूहका उपसूचक पनि रातो देखिएका छन् । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ५६ दशमलव ८२ र निर्जीवन बीमा समूहको उपसूचक ५० दशमलव ९५ अङ्कले घटेका छन् । आज बैंकिङ समूह सात दशमलव ६७, विकास बैंक समूह ३५ दशमलव ९२, वित्त समूह १२ दशमलव ७५, होटल तथा पर्यटन समूह ४६ दशमलव ९० र जलविद्युत् समूह २० दशमलव ५७ अङ्कले घटेका छन् ।

त्यसैगरी, लगानी समूह शून्य दशमलव ८५, उत्पादन तथा प्रशोधन समूह ३४ दशमलव ७२, लघुवित्त समूह २० दशमलव ९५, म्युचुअल फन्ड शून्य दशमलव ०४, व्यापार समूह छ दशमलव ५८ र अन्य समूह पाँच दशमलव ४५ अङ्कले घटेका छन् ।

आज सबैभन्दा धेरै जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था



लिमिटेडको शेयर मूल्य तीन दशमलव २५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सनराइज ब्लुचिप फन्डको शेयर मूल्य नौ दशमलव १२ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज शिवम् सिमेन्ट लिमिटेडको रु सात करोड एक लाख ६० हजार ४५७ बराबरको एक लाख ६४ हजार ९३० कित्ता शेयर किनबेच भएको छ ।

# मलङ्गवामा कक्षा ८ को ग्रेड वृद्धिका लागि परीक्षा

मलङ्गवा, १२ वैशाख/रासस

मलङ्गवा नगरपालिकाले पहिलोपटक कक्षा ८ को ग्रेड वृद्धिका लागि परीक्षा सञ्चालन गरेको छ । उक्त कक्षामा दुई विषयमा अनुत्तीर्ण विद्यार्थीलाई नगरपालिकाले ग्रेड वृद्धिको परीक्षा यही वैशाख ११ र १२ गते सञ्चालन गरेको र परीक्षामा अङ्ग्रेजी, नेपाली, गणित, सामाजिकसहित मुख्य पाँच विषय समावेश गरिएको थियो ।

परीक्षामा पाँच सामुदायिक र तीन निजी विद्यालयका ३२९ विद्यार्थी सहभागी थिए । उक्त परीक्षाको नतीजा वैशाख १७ गतेसम्म प्रकाशन गरिने तयारी गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमले जानकारी दिए । सिकाइमा गुणस्तर कायम गर्न कक्षा ८ को ग्रेड वृद्धिको परीक्षा सञ्चालन गरिएको र यसमा पनि अनुत्तीर्ण होइएला कि भन्ने डरले विद्यार्थीमा पढ्ने बानी बस्ने उनको भनाइ थियो ।

केन्द्रले कक्षा १० को पूरक परीक्षा लिएझैं त्यसअनुरूप स्थानीय तहले पनि दुई विषयमा अनुत्तीर्ण भएका विद्यार्थीलाई ग्रेड वृद्धिका लागि परीक्षा सञ्चालन गरेको प्रमुख प्रशासकीय अधिकृत गौतमले बताए ।

यस किसिमको परीक्षाबाट विद्यालयमा शिक्षाको अभिवृद्धि एवं गुणस्तर प्रवर्द्धन गर्न सहयोग पुग्ने जनाइएको छ । ग्रेड वृद्धिको परीक्षा पनि उत्तीर्ण गर्न नसक्ने विद्यार्थीले फेरि त्यही कक्षा दोहोऱ्याउनुपर्ने भएको छ । शिक्षामा गुणस्तर सुधार्न ग्रेड वृद्धिको परीक्षा सञ्चालन गरिएको नगरप्रमुख नागेन्द्रप्रसाद यादवले जानकारी दिए । आउने दिनमा कक्षा ५ का लागि पनि परीक्षा सञ्चानल गरिने उनले बताए ।

विद्यालयका शिक्षकलाई जिम्मेवार बनाइने र विषयगत दरबन्दी मिलान पनि चाँडै गरिने पनि नगरप्रमुख यादवले बताए ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज)को उपखण्ड (१४) बमोजिम कक्षा ८ को परीक्षा अनिर्वायरूपमा स्थानीय तहले लिनुपर्ने व्यवस्था छ ।

# तरकारी बेच्न परिचयपत्र अनिवार्य

तुलसीपुर, १३ वैशाख/रासस

तुलसीपुर उपमहानगरपालिकाले कृषिजन्य वस्तु बिक्री वितरणका लागि परिचयपत्र अनिवार्य गरेको छ । स्थानीयस्तरमा उत्पादन गरिएका कृषिजन्य वस्तुको बजारीकरणका लागि अनिवार्य परिचयपत्र वितरण गर्न लागिएको हो ।

स्थानीय उत्पादन बिक्री वितरण गर्ने लक्ष्यअनुरूप यो कार्य अगाडि बढाइएको उपमहानगरपालिकाका कृषि महाशाखा प्रमुख धनराज गौतमले बताए । "अहिले बजारमा भारतबाट आएको तरकारी र बाहिरबाट आएका व्यापारीको वर्चस्व रहने गरेको छ," उनले भने, "त्यसले गर्दा स्थानीय उत्पादनले बजार पाउन सकेको छैन, यसलाई ध्यानमा राखी परिचयपत्र लागू गरेका हौं ।"

तुलसीपुरका १९ वटै वडाले सम्बन्धित वडाका किसानलाई सूचीकृत गर्न आह्वान गरेका छन् । किसानलाई परिचयपत्र वितरण गरिएसँगै बिहान ४ देखि ८ बजेसम्म तुलसीपुर बजारमा तरकारी बेच्न पाउने भएका छन् । तर परिचयपत्र नभएकालाई बिक्री वितरण गर्न दिइनेछैन । कृषिजन्य वस्तुको बिक्री वितरणका लागि वडा नं १२ मा हाटबजारको व्यवस्था गर्न लागिएको छ ।

# विवाद समाधानपछि नगराइन नगरपालिकामा विकासले गति लिंदै

जनकपुरधाम, १३ वैशाख/रासस

नगराइन नगरपालिकामा नौ महीनासम्मको विवाद साम्य भएसँगै विकासले गति लिन थालेको छ । गत वैशाखमा निर्वाचित भएलगत्तै नेपाली काङ्ग्रेसतर्फका नगरप्रमुखमा निर्वाचित विनयकुमार यादव र नेकपा एमालेतर्फका उपप्रमुखमा निर्वाचित राधादेवी यादवबीच विवाद हुँदा नौ महीनासम्म कामकाज ठप्प भएको थियो ।

एकअर्काको निर्णय दुवै पक्षले मान्न आनाकानी गरेपछि नगरपालिकाका कामकारबाईमा बाधा पुगेको थियो । स्थानीयको दबाबपछि दुवै पक्ष मिलेर काम गर्न सहमत भएका छन् । नगरप्रमुख विनयकुमार यादव आपसी सहमतिमा नगर क्षेत्रमा विकासका गतिविधि अगाडि बढाइने बताउँछन् । "नगर क्षेत्रमा विभिन्न योजना निर्माण थालेका छौं," उनले भने । अघिल्लो कार्यकालमा बनेका ऐन, नियम र कार्यविधिका विषयमा विवाद भएको यादवको भनाइ छ ।

दुवै पक्षबीचको विवाद समाधानपछि वडा नं ६ स्थित नेपाल–भारत सीमामा पर्ने जमुना नदीमा झोलुङ्गे पुल र नगरको प्रशासकीय भवन निर्माणका लागि प्रक्रिया अघि बढेको छ । यस्तै, १५ शय्याको अस्पताल निर्माणका लागि ठेक्का आह्वान गर्ने तयारी छ । यसैगरी, स्मार्ट नगराइन नगरपालिका बनाउन जटहीबाट जनकपुरधामसम्म सडकको बीच भागमा वृक्षारोपण, दुवै सीमामा प्रवेशद्वार, बत्ती जडान, प्रत्येक वडामा विद्युतीकरण, कृषि सडकलगायत कामका लागि प्रक्रिया थालिएको यादवले बताए ।

उपप्रमुख राधादेवी यादव आफ्नो क्षेत्राधिकारमा हस्तक्षेप गर्नेगरी बनाइएका कानून संशोधनका लागि पहल नहुँदा विवाद भएको र अब त्यसले निकास पाएको बताउँछिन् । "आगामी असारमा हुने नगरपरिषद्बाट पारित गर्नेगरी कानून संशोधन गर्न मस्यौदा निर्माणका लागि समिति बनाउने र बाँकी काम द्विपक्षीय सहमतिमा गर्ने समझदारी भएको," उनले भनिन् ।

विवादका कारण रोकिएको सामाजिक सुरक्षा भत्ता वितरण थालिएको छ । उपप्रमुख नेतृत्वको न्यायिक समितिले पूर्णता पाएको छ । "अब छिट्टै मुद्दामामिलाका काम छिनोफानोतर्फ लाग्छौं," उपप्रमुख यादवले भनिन् ।

विवाद भएपछि रोकिएका वडास्तरका कामकाजसमेत अघि बढेका नगराइन–६ का वडाध्यक्ष ललित साहले जानकारी दिए । नगरपालिकामा मुख्य विवाद उपभोक्ता समिति गठन र अनुगमन कसले गर्ने भन्ने विषयमा भएको थियो । "आआफ्नो क्षेत्राधिकारमा रहेर जिम्मेवारी निर्वाह गर्ने र जिम्मेवारी निर्वाह गर्दै जाँदा बाधा–अड्चन आएमा सोही अनुसार बाधाअड्काउ फुकाउने गरी अगाडि बढ्ने सहमति भएको छ," नगरप्रमुख यादवले भने ।

# वैज्ञानिक समाजवादका लागि जनमत सङ्ग्रह

स्वतन्त्र विचार



सुदर्शनराज पाण्डे

**दलाल पूँजीवादी संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवादी व्यवस्थाभन्दा राम्रो अन्य छैन । जनमत सङ्ग्रह संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादका लागि भयो भने अहिलेको राष्ट्रिय राजनीतिक समस्याको उचित ढङ्गले सजिलै हल हुन्छ ।**

विसं २०३६ निर्विवाद, निर्विकल्प भनिने शाहवंशीय राजा वीरेन्द्रको शासनकाल थियो । राजाको सबल र सक्रिय नेतृत्वको निर्दलीय पञ्चायती व्यवस्था थियो । संसारमा निर्विकल्प र निर्विवाद भन्ने कुरै हुँदैन । राजनीतिमा असम्भव भन्ने कुरा पनि केही रहँदैन । राजनीतिको निर्णायक र संवाहक शक्ति भनेको सार्वभौम नागरिक हुन् । राष्ट्रियता भनेको नागरिक हुन् । राज्य सञ्चालनमा नागरिक सर्वोच्चता, संवैधानिक सर्वोच्चता र राज्यको सर्वाधिकार अनिवार्य कुरा हो । देश, काल, परिस्थिति अनुकूल राजनीतिक विषय र व्यवस्था परिवर्तन हुने कुरा हुन् । राजनीतिक परिवर्तन समयको माग र जनताको इच्छाबाट हुन्छ । एक्लो व्यक्तिको चाहना र इच्छाले शासन व्यवस्था चल्नै सक्दैन । निरङ्कुश, अधिनायकवादी, सर्वसत्तावादी, तानाशाही, गणतन्त्र र लोकतन्त्र राजनीतिक व्यवस्थाका चरित्र हुन् । राजनीतिक पात्र, चरित्र र प्रवृत्ति बदलिरहन्छन् । शासकीय शैली र व्यवहारमा परिवर्तन आइरहन्छ ।

संविधानसभाबाट निर्मित २०७२ को संविधानद्वारा स्थापित संसदीय व्यवस्थाको स्वरूप दलाल पूँजीवादी र अराष्ट्रिय देखिएकाले यसको विकल्प रोज्नुपर्ने अनिवार्य बाध्यता आएको छ । राजनीति भनेको सम्पूर्ण नीतिको प्रधान नीति हो । राजनीतिक व्यवस्था र गन्तव्य सही भएन भने जनअसन्तुष्टि, आक्रोश, अशान्ति र अराजकताको साथसाथै विदेशी अनुचित दबाब र अवाञ्छित हस्तक्षेप वृद्धि हुन्छ । उत्पन्न राजनीतिक सङ्कट र समस्याको बेलैमा उचित समाधान खोजिएन भने नेपाल र नेपालीको अस्तित्व र पहिचानसमेत गुम्न पुग्नेछ । त्यसैले उत्पन्न राजनीतिक सङ्कटको उचित समाधानका लागि दलाल पूँजीवादी संसदीय व्यवस्था वा वैज्ञानिक समाजवाद दुईमध्ये एक कुन राजनीतिक व्यवस्था रोज्ने अधिकार नेपाली जनतालाई दिन जनमत सङ्ग्रहबारे छलफल तथा जनमत सङ्ग्रह गर्नुपर्ने, व्यवस्थामा आमूल परिवर्तनका लागि संविधानको पुनर्लेखनको विषय जनताको मुख्य मागका रूपमा रहेको छ । राजनीतिक व्यवस्था परिवर्तन दुई तरीका सशस्त्र जनयुद्ध वा शान्तिपूर्ण जनमत सङ्ग्रहबाट हुन्छ । नेपालमा पटक–पटक संसदीय व्यवस्था सङ्कटमा परेर असफल भएको छ । जनमत सङ्ग्रहको अभ्यासबाटै निर्दलीय पञ्चायती व्यवस्था कमजोर हुँदै ढलेको हो । जनमत सङ्ग्रह भनेको राजनीतिक व्यवस्था रोज्न देशका सम्पूर्ण बालिग जनताले दिने मत हो । कुन चुनाव चिह्नमा मत हाल्ने वा नहाल्ने मतदाता जनताको अधिकार हो । जुन चुनाव चिह्नले बढी जनमत पाउँछ, त्यो सर्वस्वीकार्य हुन्छ । त्यो व्यवस्था देश र जनताको व्यवस्था हुन्छ । त्यो व्यवस्थाले उत्पादन गरेका नेता, कार्यकर्ताको बोली र व्यवहारमा त्यो व्यवस्थाको आयु निर्धारित हुन्छ । राजनीतिमा बोली र व्यवहारको अत्यन्त महत्त्व हुन्छ । बोली अनुरूपको व्यवहार भएन भने त्यो टिक्नै सक्दैन । संविधानको अक्षरशः पालना राष्ट्रिय अनुशासन हो । राष्ट्रिय अनुशासन, विधिको शासन भयो भने मात्र व्यावहारिकरूपमा शासन व्यवस्था सबल, सफल हुन्छ । राष्ट्र र जनता सुरक्षित हुन्छ । समृद्ध नेपाल र सुखी नेपाली भन्ने नारा तब व्यावहारिक र वैज्ञानिकरूपमा सफल हुन्छ । शोषण–दमनको अन्त्य, विदेशी हस्तक्षेपको अन्त्य भई राष्ट्रिय एकतामा मजबूती आई राष्ट्रनिर्माणमा सबै नेपालीको सधैं सहयोग र समर्थन रहन्छ । जनमत सङ्ग्रह भयो भने वैज्ञानिक समाजवाद कार्यान्वयन हुने प्रबल सम्भावना छ । नेपालमा हुने जनमत सङ्ग्रहलाई दुई विशाल छिमेकी भारत र चीनको पनि सहयोग र समर्थन हुनेछ । नयाँ कूटनीतिक सम्बन्ध कायम रहन जाने विश्वास लिन सकिन्छ ।

हालै विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच तीन बुँदे सहमति भएपछि राजनीतिक वृत्तमा विभिन्न किसिमका चर्चा, परिचर्चा शुरू भएका छन् । नेकपामाथि लगाइएको प्रतिबन्ध फुकुवा भएको छ । एउटा नयाँ र नौलो राजनीतिक वातावरण बनेको छ । अब विप्लव नेतृत्वको नेकपाले राजनीतिक सङ्कट, संवैधानिक सङ्कटको निकास दिन वैज्ञानिक समाजवाद स्थापना गर्छ भन्ने कुरा बहुसङ्ख्यक जनतालाई विश्वास र भरोसा लागेको पाइन्छ । वैज्ञानिक समाजवाद अब कार्यान्वयनको विषय बनेको छ । तीन बुँदे सहमति नेपाली जनता र देशलाई आधार बनाएर गरिएको छ । तीन बुँदे सहमतिले नेपाली जनता र राष्ट्रलाई मुक्ति दिने नयाँ राजनीतिक अभियानको सुरुआत गरेको छ । राजनीतिक दल र व्यवस्था साधन हुन् । देश र जनता सार्वभौम र साध्य हुन् । राजनीतिक परिवर्तनको इतिहास पछाडि फर्किंदैन, अगाडि बढ्दै जान्छ भनिन्छ । गत फागुन २० गते नेकपा र नेपाल सरकारबीच तीन बुँदे सहमति भएपछि सहमतिको ऐतिहासिक पृष्ठभूमि, वार्ता प्रक्रियालाई सम्भव तुल्याउने, वस्तुगत एवं आत्मगत प्रेरक तत्त्वहरू र नेपाली राजनीतिको भावी विकास प्रक्रियाबारे सहमतिको पक्ष, विपक्षमा विमर्श हुँदै आएका छन् । सशस्त्र विद्रोह गर्दै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने अठोट बोकेको नेकपाको कार्यभार बदलिएको छ । जनमत सङ्ग्रहमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने प्रस्ताव तीन बुँदे सहमतिमा राख्दै यसका लागि व्यापक जनसमर्थन जुटाउन जनजागरण अभियानमा जुटिरहेको छ । देशैभर पार्टी, सङ्गठनको जनजागरण अभियान दैनिकरूपमा तीव्रताका साथ अघि बढिरहेको छ । बृहत् कम्युनिस्ट एकताको कुरा उठिरहेको छ । संसद् पुनर्स्थापनापछि पूँजीवादी दलाल संसदीय व्यवस्थाका अनुयायी राजनीतिक दलहरू अहिले अन्योलमा परेका छन् । गुट, फुट र लुटको संस्कृतिमा हुर्किरहेको नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, मधेसवादी दल, राप्रपालगायतका दलहरूको यतिखेर राजनीति गन्तव्यहीन बन्न पुगेको छ । जति प्रयास गरे पनि दलाल पूँजीवादी व्यवस्थाको पतनलाई रोक्न चाहेर रोक्न सकिंदैन । बहुदलवादी, भ्रष्ट, दलाल नेता, कार्यकर्ताहरूप्रति जनवितृष्णा बढेकाले त्यस्ता नेता, कार्यकर्ता परिवर्तित समाजबाट बहिष्कृत हुँदै गइरहेका छन् । अनैतिक तरीकाले धनसम्पत्ति आर्जन गर्नेहरू डराइरहेका छन् । शोषण, उत्पीडन, दमन, गरीबी र बेरोजगारीको चपेटामा परेका जनता नयाँ राजनीति, नयाँ दिन आउने आशा र प्रतीक्षामा छन् । दलाल पूँजीवादी संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवादी व्यवस्थाभन्दा राम्रो अन्य छैन । जनमत सङ्ग्रह संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादका लागि भयो भने अहिलेको राष्ट्रिय राजनीतिक समस्याको उचित ढङ्गले सजिलै हल हुन्छ ।

# महोत्तरीमा खानेपानीको सङ्कट

महोत्तरी, १३ वैशाख/रासस

घामको प्रचण्ड राप र तातो हावा बहने क्रम शुरू भएसँगै महोत्तरीको उत्तरी क्षेत्रमा खानेपानीको सङ्कट बढेको छ । गर्मीयाममा खानेपानीका स्रोतका मुहान सुक्दै र गहिरिंदै गएपछि बर्दिबास नगरपालिकासहित उत्तरी क्षेत्रका बस्तीमा खानेपानीको हाहाकार भएको छ ।

"इनारको पानी सुक्दै गएको छ, पानी तान्न झारिएको डोल (बाल्टिन) डुब्न छाड्यो," बर्दिबास–९ पशुपतिनगर, झ्याकुलेटोलका राजकिशोर महतोले इनार देखाउँदै भने, "बयलगाडा जोतेर पानी लिन दुई/तीन किलोमिटर परका बस्तीमा जानुपर्ने दिन आउँदैछन् ।" खानेपानीको सङ्कट बेहोर्दै आएका पशुपतिनगरका बासिन्दाले यसअघि कैयौं वर्ष बयलगाडा जोतेर पानी ल्याएको सम्झिरहेका छन् ।

करीब चार हजार जनसङ्ख्या रहेको पशुपतिनगरका सात/आठ टोल बस्तीमा गरी एक सयभन्दा बढी इनार छन् । सबैजसो इनारमा अहिले पानी जमौट (इनारको सबभन्दा तलको बन्धन, जहाँबाट इनार ठड्याउँदै लगिन्छ)को घेरामा पुगेको सो बस्तीकै ब्रह्मदेव महतो बताउँछन् । सामान्यतया प्रत्येक वर्ष वैशाख र जेठमा यहाँका इनारमा पानीको सतह गहिरिंदै जाने भएपनि यसपालि भने चैतदेखि नै यो समस्या बढेको हो । यसपालि हिउँदे वर्षा नहुँदा इनारमा पानीको सतह चैतमैं गहिरिएको पशुपतिनगर गोमस्ताटोलका उत्तमबहादुर राना बताउँछन् । हिउँदे वर्षा कम भएकाले खानेपानीको सङ्कट भएको पशुपतिनगरका बासिन्दाको अनुभव छ ।

झ्याकुलेटोलका इनार पूरै सुकिसकेका स्थानीय सुरेन्द्र महतोको भनाइ छ । "हामी यो टोलका आठ/दश घर त पानी लिन साइकलमा गाग्री झुन्ड्याएर करीब दुई किलोमिटर परको खेतको इनारमा जान थालेका छौं," उनले भने । बस्तीका धेरैजसो इनारमा पानीको सतह जमौटमैं पुगिसकेको छ । मोटरबाट पानी तान्न ओछ्याइएका पाइपको काम सकिएको छ ।



इनार धमाधम सुक्दै गएपछि बालीनाली सुक्न थालेका छन् । तरकारीखेती मुख्य बाली लगाइने यहाँ लहरे तरकारीका बोट पानी नपाएर सुक्दै गएका छन् । अहिले लटरम्म फल्नुपर्ने वैशाखी सिजनका लौका, फर्सी, करेला, घिरौला र झिमनीका लहरा चर्को घामको रापले सुकेपछि किसानलाई खानेपानीसँगै अबको गुजाराको चिन्ताले पनि पिरोल्न थालेको छ ।

पशुपतिनगरमा खानेपानीको सङ्कट टार्न बोरिङबाट मोटरले पानी तानेर टङ्कीमा भण्डारण गरी घरघरै धाराबाट पानी दिने व्यवस्थाका लागि काम भइरहेको छ । "खानेपानीका धारा सञ्चालनमा ल्याउने योजना छ," बर्दिबास–९ का वडाध्यक्ष घुरन महतोले भने ।

बर्दिबासमा पशुपतिनगर मात्र नभएर बिजलपुरा, विजयबस्ती, प्रेमनगर, फूलबारीटोल, किसाननगर, मनहरिपुर र कृष्णापुरसहितका बस्तीमा पनि खानेपानीका मुख्य स्रोत इनार नै हुन् । यी बस्तीका इनार पनि धमाधम सुक्दै जाँदा खानेपानी र सिंचाइको समस्या बढ्दो छ । बर्दिबासबाहेक उत्तरी क्षेत्रकै गौशाला नगरपालिकाका भरतपुर, लक्ष्मीनियाँ (पहिलेका गाविस क्षेत्र) र भङ्गाहा नगरपालिकाका रामनगर, भूचक्रपुर, प्रेमनगर र टोकासहितका बस्तीका इनार पनि सुक्दै गएका छन् ।

"पहिले खन्दा १५–१६ हातमैं पानीको मूल फुट्थ्यो," ३० वर्ष पहिले खनिएको इनार देखाउँदै भङ्गाहा–४ रामनगरका ७५ वर्षीय दीपबहादुर फुयाँलले भने, "त्यसयता इनार सुक्दै गएपछि भित्र सानाकोठी थप्दै लगेर अहिले इनार ४० हात गहिरो भइसकेको छ ।" पानी सुक्दै गएपछि इनार गहिर्‍याउँदै लगिएसँगै पानीको सतह झन्–झन् गहिरिंदै गएको फुयाँलको भनाइ छ ।

पछिल्ला वर्षहरूमा प्राकृतिक सम्पदा (पहाडी थुम्का, नदी किनार, नदीउकास र वनक्षेत्र)को अनियन्त्रित दोहन बढेसँगै सन्तुलित वर्षा हुन छाडेको हुँदा पानीका स्रोतका मुहान गहिरिंदै गएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव बताउँछन् । प्राकृतिक सम्पदाको अनियन्त्रित दोहन बढेसँगै वातावरणीय सन्तुलन खलबलिएको छ । यसले गर्दा अल्पवृष्टि, अनावृष्टिसँगै बाढीपहिराका समस्या बढ्दैछन् । चुरे क्षेत्रका खोल्साखोल्सीको व्यवस्थापन हुन नसक्दा त्यहाँबाट बाढीसँगै झर्ने गेगर्‍यान नदीमा थुपरिने गर्दा कतिपय बस्ती नदी सतहभन्दा होचिएर डुबानमा र सिरानका बस्ती कटानको जोखिममा पर्ने गरेका यादव बताउँछन् । यसैगरी, यसको प्रतिकूल प्रभाव जलाधार क्षेत्रमा पर्दा यस्ता क्षेत्र सुक्खा बगरमा परिणत हुँदैछन् ।

"यसको स्थायी समाधानका लागि प्राकृतिक सम्पदाको सन्तुलित उपयोग, सघन वृक्षारोपण, खोल्साखोल्सी व्यवस्थापन गरेर गेगर्‍यान नदीमा नझर्ने व्यवस्था र ठाउँ–ठाउँमा पानी पुनर्भरणका लागि पोखरी निर्माणमा लाग्नुपर्छ," यादवले भने । पूर्वपश्चिम राजमार्ग माथि (उत्तर)को चुरे पहाडी क्षेत्रमा खनिने पोखरीले तलसम्मकै जमीनको सतहमा पानी रसाउँदै गएपछि इनार, बोरिङ सुक्ने समस्या घट्दै जाने यादवको भनाइ छ । यस कार्यमा पूर्वपश्चिम राजमार्ग वरपरका स्थानीय तहले संयुक्तरूपमैं पहलकदमी बढाए यो बढी प्रभावकारी हुने यादवले बताए । धनुषाको मिथिला र महोत्तरीको बर्दिबास र गौशाला नगर क्षेत्रमा पानी पुनर्भरणका १८८ पोखरी खनिएका छन् । खोल्सी व्यवस्थापन र पानी पुनर्भरणका पोखरी बनाउन महोत्तरीका मात्र नभएर कमला पश्चिम र वाग्मती पूर्वका धनुषा र सर्लाहीका स्थानीय तहले पनि तत्काल पहलकदमी बढाउनुपर्ने देखिन्छ ।

## फरक समाचार

### के हो एचबोट थेरापी ?

बलिउड कलाकार अनुपम खेरले अनिल कपूरको एउटा भिडियो ट्वीटरमा शेयर गरेका छन्, जसमा उनले अक्सिजन थेरापी लिइरहेको देखिन्छ । अनिल



कपूर एउटा अक्सिजन च्याम्बरमा सुतेका देखिन्छन् र उनले अक्सिजनको मास्क लगाएका थिए । भिडियो शेयर भएपछि धेरैजनाले यस थेरापीलाई लिएर कमेन्ट गरेका छन् ।

अनिल कपूर निकै फिट कलाकार हुन् । भिडियोमा देखिने यस च्याम्बरलाई हाइपरबेरिक अक्सिजन थेरापी भनिन्छ । एन्टी–एजिङको लागि यो थेरापी लिइन्छ । यसबाट छालामा नयाँ कोशिकाहरू बन्छन्, जसबाट छाला ताजा हुन्छ । चिकित्सकका अनुसार थुप्रै बलिउड कलाकारले यो थेरापी लिन्छन् ।

कसरी काम गर्छ एचबोट ? एचबोट थेरापीको दौरान च्याम्बरभित्र एटमोस्फेरिक प्रेशर बढ्छ, जसबाट मानिसको रगतमा अक्सिजनको मात्रा बढाइन्छ । यसले शरीरभित्र रहेका क्षतिग्रस्त तन्तुहरूको मरम्मत गरेपछि पुनः नयाँसरह बन्छ । यस थेरापीबाट शरीरका कोशिकामा अक्सिजनको मात्रा बढ्नुको साथै सुन्निएको पनि ठीक हुन्छ । कुनै पनि प्रकारको दुखाइ र चोटलाई ठीक गर्न कम समय लाग्छ ।

**एचबोटको फाइदाः** एन्टी–एजिङको लागि यस थेरापीलाई राम्रो मानिन्छ । यसले छालामा नयाँ कोशिकाहरू बनाउँछ । नयाँ रक्तनलिका बनाउन मदत गर्नुका साथै रक्तसञ्चार पहिलेको तुलनामा कैयौं गुणा राम्रो हुन्छ । स्टेम सेल्सको सङ्ख्या र कार्यकुशलतामा बढोत्तरी हुन्छ । कोलेजन प्रोटीनको गुणवत्तामा सुधार हुन्छ । सुन्निएको कम हुन्छ । शल्यक्रिया वा रेडिएशनपछि तन्तुमा फाइब्रोसिस यानी तन्तु क्षतिग्रस्त हुन नियन्त्रित हुन्छ । यस्कमिया यानी रगतमा अक्सिजनको कमीबाट हुने रोगको उपचार हुन्छ । शरीरलाई सङ्क्रमणबाट बचाउँछ । रक्तनलीमा अक्सिजनको राम्रो सञ्चार हुन्छ ।

**कसरी दिइन्छ यो थेरापी ?** हाइपरबेरिक च्याम्बरको मेशिनमा हरेक दिन ६० देखि ९० मिनेटसम्म बिताएर यस थेरापीको लाभ लिन सकिन्छ । यस च्याम्बरलाई सय प्रतिशत अक्सिजन प्रेशरबाट भरिन्छ । जसबाट रक्त कोशिकामा १० देखि २० गुना बढी अक्सिजन सप्लाई हुन्छ । हामी खुला हावामा जब सास फेर्छौं, त्यसमा २१ प्रतिशत अक्सिजन हुन्छ जबकि हाइपरबेरिक च्याम्बरमा दुई सयदेखि २४० प्रतिशत अक्सिजन हुन्छ । सुरक्षा नियमका कारणले यस थेरापीलाई कुनै प्रशिक्षित चिकित्सकको निगरानीमा लिनुपर्ने हुन्छ । च्याम्बरमा जब अक्सिजनको स्तर उच्च हुन्छ, त्यति बेला निकै सावधानी अपनाउनुपर्छ ।

### भाँडामा साबुन लगाउनुहुन्छ ?

खानामा पौष्टिकता होस्, त्यसको लागि हामीले थुप्रै उपाय अपनाउँछौं । साथै भाँडाकुँडाको सरसफाइमा पनि हाम्रो विशेष ध्यान हुन्छ । तर भाँडाकुँडा सफा गर्ने क्रममा सानो लापरवाहीले हाम्रो स्वास्थ्य बिग्रिन सक्छ । प्रायः भाँडाकुँडा सफा गर्ने क्रममा त्यसमा केही साबुनका कण रहन्छ, जुन खानासँगै हाम्रो पेटभित्र पुग्छ ।



स्विस इन्स्टिट्युट अफ एलर्जी एन्ड अस्थमाको एउटा अनुसन्धान अनुसार लामो समयसम्म यस्तो भयो भने निकै खतरनाक हुन्छ । जसले गर्दा फूड पोइजनिङ, डायरिया र अल्सरजस्तो गम्भीर बिमारीको खतरा हुन्छ ।

साबुन र डिटर्जेन्ट, भाँडाकुँडा धुनको लागि तरल साबुनको फर्ममा डिटर्जेन्ट पाइन्छ । यसलाई भाँडाकुँडाको दाग र विषालु ब्याक्टेरिया भाइरस नष्ट गर्न बनाइएको हुन्छ । तर हतारमा हामीले भाँडाकुँडा धुँदा केही साबुनका कण रहन्छन् र त्यो हाम्रो पेटभित्र पस्छ । पेटमा गट ब्याक्टेरिया हुन्छ, यसलाई गुड ब्याक्टेरिया पनि भनिन्छ । यसले खाना पचाउनुका साथै हाम्रो पेटलाई स्वस्थ राख्छ । तर जब पेटमा साबुनका कण पुगेपछि त्यसले गुड ब्याक्टेरियालाई नष्ट गर्छ, जसको कारण खाना चाहे त्यो धेरै तरल पदार्थ नै किन नहोस्, पच्दैन । पेटमा पुगेको साबुनमा केमिकल मिसिएको हुन्छ र त्यो मलको रूपमा बाहिर आउँदैन र पेटको सतहमा बिस्तारै–बिस्तारै जम्मा हुन्छ र पछि गएर अल्सरको कारण बन्छ ।

भाँडाकुँडा धुने साबुनमा ट्राइक्लोसन, फास्फेट, सोडियम लोरिल सल्फेट र आर्टिफिशियल गन्ध हुन्छ । यसमा बढीजसो केमिकल कीटनाशकको रूपमा पनि प्रयोग गरिन्छ । यी केमिकल भाँडाको कीटाणुलाई मार्नको लागि बनाइएको हुन्छ । तर यसको थोरै मात्रा पनि पेटमा पुगेपछि निकै ठूलो नोक्सान गर्छ । जसले गर्दा पेट सुन्निने, अल्सर, फूड पोइजनिङ, डायरिया, जोर्नीमा दुखाइ, जलन आदि समस्या हुन थाल्छन् ।

### सौंफको चियाको फाइदा



- वजन घटाउन मदत गर्छ,
- अस्थमा रोगीलाई फाइदा पुर्‍याउँछ,
- डिहाइड्रेशनमा फाइदाजनक हुन्छ,
- महीनावारीको दुखाइलाई कम गर्छ,
- उच्च रक्तचाप र ब्लड सुगरमा लाभ पुर्‍याउँछ,
- आँखाको ज्योतिको लागि लाभदायक,
- कोलेस्ट्रोललाई नियन्त्रित गर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## एक किलो गाँजा बोक्दा मृत्युदण्ड

सिङ्गापुर, १३ वैशाख/एएफपी

सिङ्गापुरले गाँजा तस्करीमा दोषी ठहरिएका आफ्नै देशका ४६ वर्षीय नागरिक टङ्गाराजु सुपियाहलाई मृत्युदण्ड दिएको छ।



मृत्युदण्ड सजाय पाएका ४६ वर्षीय टङ्गाराजु सुपियाह। तस्वीरः एजेन्सी

सुपियाहका परिवार, मानव अधिकारवादी कार्यकर्ता र राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयबाट भएको क्षमायाचनाको अनुरोधलाई बेवास्ता गर्दै आज बुधवार बिहान उनलाई झुन्ड्याइएको हो।

सिङ्गापुर कारागार सेवाका एकजना प्रवक्ताले मृत्युदण्ड दिइएको पुष्टि गरेका छन्। सन् २०१७ मा एक किलो गाँजा बोकेका उनीमाथि तस्करीको षडयन्त्र गरेको अभियोग लगाइएको थियो। मानव अधिकारवादीहरूले पर्याप्त प्रमाणविना नै उनलाई दोषी ठहऱ्याइएको तथा अभियोजनको क्रममा सीमित कानूनी पहुँच प्रदान गरिएको दाबी गरेका छन्। सिङ्गापुरका अधिकारीहरूले भने उक्त दाबीलाई निराधार भन्दै मुद्दाको निष्पक्ष सुनुवाइ भएको बताएका छन्।

लागू पदार्थविरुद्ध विश्वको सबैभन्दा कठोर कानून भएको देश सिङ्गापुरमा गत वर्ष ११ जनालाई मृत्युदण्ड दिइएको थियो। तीमध्ये तीन चम्चा हेरोइन तस्करी गरेको आरोपमा दोषी मानिएका बौद्धिकरूपमा अक्षम एकजनालाई पनि फाँसी दिइएको थियो।

विश्वका विकसित देशमा गाँजामाथिको प्रतिबन्ध खुलिरहेका बेला सिङ्गापुर भने लचिलो भएको छैन। छिमेकी मलेशियाले मृत्युदण्डमा संशोधन गरेको छ भने थाइल्यान्डमा गाँजाको कारोबारलाई वैधानिक मानिन्छ। अमेरिकाका केही राज्यमा पनि गाँजालाई औषधीय प्रयोजनका निम्ति खुला गरिएको छ। रासस



किसानहरूले सबै बाली घरमा भित्र्याएपछि नयाँ बाली लगाउनुअघि खेतमा रहेको कुलोको सरसफाइ गर्दै। किसानहरूले कुलोको सरसफाइ वर्षमा दुईपटक वैशाख–जेठ र कात्तिक महीनामा गर्दै आएका छन्। तस्वीरः नरेश यादव

## अर्थतन्त्र सुधार्न सत्तापक्ष र प्रतिपक्ष नभनौं –अर्थमन्त्री महत

काठमाडौं, १३ वैशाख/रासस

अर्थमन्त्री डा प्रकाशशरण महतले अहिले समस्यामा रहेको अर्थतन्त्र सुधारका लागि सबै क्षेत्र र पक्षको सामूहिक प्रयास आवश्यक रहेको बताएका छन्।

बुधवार राष्ट्रियसभामा पेश भएको अर्थतन्त्र सुधारबारे जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको छलफलका क्रममा उठेका विषयमाथि जवाफ दिँदै अर्थमन्त्री महतले अर्थतन्त्र सुधार्न सरकारको प्रयास मात्र पर्याप्त नरहेको बताएका हुन्।

"अर्थतन्त्रमा देखिएको समस्या अहिलेको सरकारले वा अघिल्ला सरकारले मात्रै सिर्जना गरेको समस्या होइन। यो परिवेश कसरी विकास भयो र कहाँ–कहाँ सुधारको आवश्यकता छ भनेर हामीले सामूहिकरूपमा समाधानतर्फ जानुपर्छ," अर्थमन्त्री महतले भने, "अहिलेको आवश्यकता भनेको अर्थतन्त्रलाई गति दिनका लागि सरकार र बाहिर बसेका सबै दलको साझा दृष्टिकोण बन्न जरुरी छ। त्यसमा हामी सहकार्य गरेर अगाडि बढ्नुपर्छ।"

अर्थतन्त्र सुधारका लागि सबै दल मिलेर साझा धारणामार्फत अघि बढ्नेबारे नेतृत्व तहमा छलफल अगाडि बढिरहेको पनि उनले बताए।

मुलुकको अर्थतन्त्र सम्हाल्नै नसकिने गरी खराब अवस्थामा पुगिनसकेको पनि अर्थमन्त्री महतको दाबी छ। "अर्थतन्त्र एकदमै कहालीलाग्दो अवस्थामा होइन। हामी अर्थतन्त्रलाई सुधारतर्फ उन्मुख गराउन सक्छौं। अहिले देखिएका समस्यालाई हल गर्न सक्छौं। त्यसका लागि ठोस प्रतिबद्धता हामीसँग छ। अवश्य पनि समस्याका चाङ छन्। सबै समस्यालाई हटाउन केही समय लाग्छ। केही धैर्यको आवश्यकता पर्छ," उनले भने।

अहिले अर्थतन्त्रमा देखिएका दबाब र अप्ठेरा फुकाउन जरुरी रहेको डा महतको भनाइ छ। अर्थतन्त्रको समस्या अहिलेको वा यसभन्दा अघिको सरकारका कारणले सिर्जना नभएको पनि उनले स्पष्ट पारे। विगतदेखिकै समस्या थुप्रिँदै गएर अहिले विकराल बनेको उनको भनाइ छ। "यी एक/दुई वर्षमा आएका समस्या होइनन्। यसको एउटा शृङ्खला छ। त्यसमा समस्या थपिँदै थपिँदै गएर अहिलेको अवस्था आएको हो," उनले भने, "अहिलेको सरकारले भर्खरै सिर्जना गरेको वा योभन्दा अगाडिको सरकारले एकै वर्षमा सिर्जना गरेको समस्या भने होइन। लामो समयदेखिका विभिन्न समस्या जोडिँदै जोडिँदै आएर अहिलेको स्थिति बनेको हो।"

नेपालको अर्थतन्त्रमा संरचनागत समस्या र शासन प्रणालीको समस्या रहेको उनको भनाइ छ। सरकारको तर्फबाट निर्वाह हुनुपर्ने भूमिकामा पनि कमीकमजोरी रहेको अर्थमन्त्री महतले बताए। "हाम्रो पूँजीगत खर्चको प्रभावकारिता र विस्तारमा समस्या छ तर तलबभत्ता, सामाजिक सुरक्षालगायतका साधारण खर्चको दायित्व बढिरहेको छ। हरेक सरकारको बेलामा यो थपिँदै गएको छ," उनले भने, "हाम्रा संरचनागत समस्या छन्। हामी ठेक्का लगाइसक्छौं तर साइट क्लियरेन्स भएको हुँदैन।"

अर्थतन्त्रलाई चलायमान बनाउने विषयमा आजको भोलि नै नतीजा देखाउन नसकिने पनि उनको भनाइ छ। तर सरकारले अर्थतन्त्र सुधारका लागि अधिकतम प्रयास गरिरहेको अर्थमन्त्री महतले दाबी गरे। "आज बोलेर भोलि चमत्कार हुने कुरा होइन। यसका लागि निरन्तररूपमा काम गर्नुपर्छ। अर्थमन्त्रीको नाताले म सरकारको तर्फबाट हामी सम्पूर्णरूपमा इमानदारीपूर्वक आफ्नो क्षमता, योग्यताले भ्याएसम्म देश र जनतालाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता जनाउँछु," उनले भने, "अहिले नै सबै समस्या हटाएर सबै कुरा ठीक पार्छु भनेर दाबी गर्दिनँ तर सबैको सहयोगबाट हरसम्भव प्रयास गर्नेतर्फ सरकारको प्रयास केन्द्रित हुनेछ।"

कोभिड महामारीको समयमा मौद्रिक नीति खुकुलो बनाउँदा अहिले समस्या देखिएको उनको भनाइ छ। पूँजीगत खर्चको समस्या देखिनुमा यस वर्ष भएका चुनाव जिम्मेवार रहेको पनि उनको भनाइ छ। त्यस्तै, तरलता अभावका कारण ब्याजदर बढ्नु, पूँजीगत खर्च गर्ने क्षमता बढ्न नसक्नु र आर्थिक वर्षको अन्तमा मात्रै खर्च गर्ने प्रवृत्ति कायमै रहनुजस्ता समस्या रहेको डा महतले बताए।

## सजाय रोक्न माग गर्दै राहुल गाँधी उच्च अदालतमा

अहमदाबाद, १३ वैशाख/पिटिआई

काङ्ग्रेस नेता राहुल गाँधी सुरत अदालतले गत महीना गरेको फैसलाविरुद्ध गुजरात उच्च अदालत पुगेका छन्। उक्त अदालतले मानहानि मुद्दामा उनलाई दोषी ठहर गर्दै तल्लो अदालतले गरेको दुई वर्षको जेल सजायको फैसलालाई सदर गरेको थियो।



सुरत अदालतले नेता गाँधीको पुनरावेदन अस्वीकार गरेपछि उच्च अदालतमा न्यायको याचना गर्न निवेदन दर्ता गरिएको छ। नेता गाँधीका वकील पङ्कज चम्पानेरीले उच्च अदालतमा निवेदन दर्ता गरिएको जानकारी दिँदै त्यस सम्बन्धमा थप विवरण प्रदान गर्न अस्वीकार गरेका छन्।

सन् २०१९ मा कर्नाटक राज्यमा भएको चुनावीसभामा नेता गाँधीले मोदी थरलाई लिएर गरेका टिप्पणीले आफूहरूको अपमान भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का सांसद पूर्णेश मोदीले गाँधीविरुद्ध मानहानि मुद्दा दायर गरेका थिए।

नेता गाँधीले राजनीतिक कार्यक्रममा भाषण गर्दा मोदी थरबारे आफूले गरेको टिप्पणी अपमानजनक नभएको र त्यसलाई असान्दर्भिकरूपमा उचालेर मुद्दा दायर गरिएको तर्क गर्दै आएका छन्।

मानहानि मुद्दामा सुरत अदालतबाट दोषी ठहर भएपछि उनको लोकसभा सदस्य पद खारेज भएको हो।

उच्च अदालतले पनि तल्लो न्यायालयको फैसलालाई सदर गरेमा गाँधी आगामी आठ वर्षसम्म संसद् सदस्यको उम्मेदवार बन्नबाट वञ्चित हुनेछन्। रासस

## विश्वभर विद्युतीय सवारीसाधनको माग बढ्दो

पेरिस, १३ वैशाख/एएफपी

विश्वभर विद्युतीय सवारीसाधनको माग बढ्दै गएको छ भने यस्ता साधनको बिक्री पनि बढिरहेको छ। बुधवार जारी गरिएको एक प्रतिवेदन अनुसार यो वर्ष बिक्री हुने पाँचवटा सवारीसाधनमध्ये एउटा विद्युतीय वाहन हुने अपेक्षा गरिएको छ।



अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए) सडक यातायातका साधनमा विद्युतीय सवारीप्रति आकर्षण एवं माग बढेकाले ऊर्जा उद्योगमा त्यसले ठूलो प्रभाव पार्नेछ भने चालू दशकको अन्त्यसम्ममा दैनिक ५० लाख ब्यारेल इन्धनको खपत अन्त्य गर्नेछ। हाल विश्वमा दश करोड ब्यारेल इन्धन दैनिकरूपमा खपत भइरहेको छ।

विश्वव्यापी ऊर्जा अर्थतन्त्रमा विद्युतीय सवारीसाधनको द्रुतरूपमा भइरहेको उत्पादनले बढोत्तरी भएको आइइएका कार्यकारी निर्देशकले बताएका छन्। विद्युतीय सवारीसाधनसम्बन्धी वार्षिक प्रतिवेदनमा यो वर्ष त्यस्ता सवारीसाधनको बिक्री ३५ प्रतिशतले बढेर एक करोड चालीस लाख पुग्ने अपेक्षा गरिएको छ। यो सन् २०२० को विद्युतीय सवारीसाधनको चार प्रतिशतको बजार हिस्साको तुलनामा १८ प्रतिशतले बढी हो।

प्रतिवेदन अनुसार चीन, अमेरिका र युरोपेली देशका बजारमा बिजुली गाडीको माग अधिक छ। गत वर्ष यस्ता गाडीको ६० प्रतिशत बजार चीनले ओगटेको थियो। बिजुली गाडी खरीदमा अमेरिकाले सहुलियत प्रदान गर्ने नीति अवलम्बन गरेसँगै अमेरिकी उपभोक्ता पनि त्यसतर्फ आकर्षित भएकाले आगामी वर्षहरूमा विद्युतीय सवारीसाधनको बिक्री बढ्ने अपेक्षा गरिएको छ।

सन् २०३० सम्ममा युरोपेली मुलुक, अमेरिका र चीनले ६० प्रतिशत विद्युतीय सवारीसाधनको हिस्सा ओगट्ने प्रक्षेपण गरिएको छ। रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – राज्यभय | कन्या – रोगभय |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुभय |
| धनु – कार्यनाश | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## पोषिलो आहार बनाउनेबारे जानकारी

प्रस, पोखरिया, १३ वैशाख/

ठोरी गाउँपालिका स्वास्थ्य कार्यालयको आयोजनामा वैशाख १३ र १४ गते दुई दिन समुदायस्तरमा पोषिलो खाना बनाउने र खुवाउने कार्य शुरू भएको छ।



तस्वीरः प्रतीक

'हरेक बार–खाना चार' नाराका साथ बुधवारदेखि शुरू भएको दुई दिने पोषिलो आहार बनाउने तथा खुवाउने कार्यक्रम अन्तर्गत आज ठोरी गापा–३ ढुङ्गेबजार र बुद्धनगरमा ओडार स्वास्थ्य चौकीले खाना बनाएर समुदायका मानिसहरूलाई खुवाएको थियो। स्वास्थ्य चौकीका फजिल अहमद, स्वस्तिका श्रेष्ठले गेडागुडी, साग, अन्डा, खीर बनाएका थिए र दुवै स्थानमा गरी समुदायका ५० जना मानिसलाई खुवाएका थिए। उनीहरूले गेडागुडी भिजाउने, केलाउने, साग केलाउने, धुने, अन्डा सफा गर्ने, उसिन्ने र खीर पकाउने तरीका सिकाउनुका साथै सो परिकारहरू कसरी खाने भन्नेबारे पनि समुदायस्तरमा जानकारी गराएका थिए।

स्वास्थ्य शाखा प्रमुख रमेश सिंहले ठोरी गापाका पाँचवटै वडामा आज र भोलि दुई दिन समुदायस्तरमा लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिने जानकारी गराए।

### अनुदानको ...

कलवारले पनि पालिकाबाट प्राप्त गहुँको बीउ गुणस्तरहीन भएको कारण उत्पादन घटेको बताएका छन्। यसअघि, आफैंले राखेको बीउबाट खेती गर्दा उत्पादन बढेको तर लोभमा सहुलियतको बीउ प्रयोग गर्दा उत्पादन घटेको बताए।

पर्साका पालिकाहरूले किसानहरूलाई लक्षित गरेर ५० देखि ७५ प्रतिशत अनुदान सहयोगमा बीउबिजन, मल, कीटनाशक औषधिहरू प्रदान गर्दै आएका छन्। कमिशनको कारण किसानहरूसम्म गुणस्तरीय सामग्री नपुगेको र उत्पादन घटेको किसानहरूको आरोप छ।

### पर्साको ...

बाटो भएर आउजाउ गर्दा खोला तरेर नै यात्रा गर्छन्।

उक्त पुल सञ्चालनमा नआउँदा पर्साका राजनीतिक दल, मन्त्री, सांसद, प्रदेश सांसदलगायतको ध्यान जानु आवश्यक रहेको सो भेगका स्थानीय बताउँछन्।

गाउँलेहरूले स्थानीय, प्रदेश र केन्द्र सरकारको साझेदारीमा आयोजना ल्याइ उक्त पुल सञ्चालन गर्नुपर्ने माग राखेका छन्। उनीहरूले निर्वाचनको समयमा मात्र पुल बनाइदिन्छु, बाटो बनाइदिन्छु भन्ने नेताहरूलाई चुनाव जितेपछि जनतासँग गरेका प्रतिबद्धतालाई स्मरण गरेर काम गर्न सुझाव दिए।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# यातायातको नाममा कारण देखाउ आदेश

दिनेश मिश्र, वीरगंज, १३ वैशाख/

उच्च अदालत पाटनले वाग्मती प्रदेशका मुख्यमन्त्री र मन्त्रिपरिषद्को कार्यालय, हेटौंडासमेतको नाममा कारण देखाउ आदेश जारी गरेको छ ।

पर्सा जिल्ला जगरनाथपुर गाउँपालिका घर भई हाल काठमाडौं बस्दै आएका कानून व्यवसायी २१ वर्षीय अनिलकुमार साहले वाग्मती सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय, हेटौंडा र ललितपुरसमेतको नाममा दिएको रिटमा न्यायाधीश बालेन्द्र रुपाखेतीको इजलासले विपक्षीको नाममा कारण देखाउ आदेश जारी गरेको हो ।

प्रदेश आर्थिक ऐन २०७९ मा स्पष्टरूपमा रु पाँच सय दस्तुरमा सवारी चालक अनुमतिपत्रको लागि लिखित तथा प्रयोगात्मक परीक्षा हुनुपर्ने कानून भएपनि गैरकानूनीरूपले सेवाग्राहीसँग ट्रायल सेन्टरमा रकम असुली हुने गरेको भन्दै दिएको रिटमा अदालतले कारण देखाउ आदेश जारी गरेको हो । विपक्षीको नाममा १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश भएको छ ।

यातायात व्यवस्था कार्यालय, वीरगंजमा ट्रायल दिंदा सेवाग्राहीले अतिरिक्त रकम तिर्दै आएका छन् । वीरगंज महानगरको सबैठवास्थित ट्रायल सेन्टरमा सेवाग्राहीहरूले लिखित र प्रयोगात्मक परीक्षाको लागि रु पाँच सय दस्तुर तिरे पनि प्रयोगात्मक परीक्षा दिंदा अतिरिक्त शुल्क तिर्दै आएका छन् । निजी क्षेत्रले ट्रायल सेन्टर खोलेको र उसैले शुल्क लिने गरेको यातायात व्यवस्था कार्यालय (लाइसेन्स) वीरगंजले जनाएको छ ।


कानून व्यवसायी अनिलकुमार साह

# ठोरीको सर्पदंश उपचार केन्द्र प्रभावकारी बन्दै

ओमप्रकाश चौधरी, सेढवा, १३ वैशाख/

गर्मी बढेसँगै पर्साको ग्रामीण भेगमा सर्पदंशका घटनामा वृद्धि भएपछि ठोरीमा स्थापना भएको सर्पदंश उपचार केन्द्रको सेवा प्रभावकारी साबित भएको छ ।

गत चैतमा पाँचजना र वैशाखमा एकजना गरी छजना सर्पको टोकाइबाट घाइते भई उपचारका लागि सो केन्द्रमा आएका र उनीहरूको सकुशल उपचार भएको केन्द्रले जनाएको छ ।

सर्पदंशबाट अधिकांश जीराभवानी गाउँपालिकाका मानिस रहेको केन्द्रले जनाएको छ । यसबाहेक जगरनाथपुर, ठोरी तथा पटेर्वासुगौली गापाबाट पनि सर्पदंशका बिरामीहरू आउने गरेका केन्द्रको तथ्याङ्कमा उल्लेख छ । यसका साथै चितवनको माडी नगरपालिका, बाराको कलैया, वीरगंजको नारायणी अस्पतालबाट रिफर गरिएका बिरामीहरू उपचारका लागि यस केन्द्रमा आउने गरेका केन्द्रका प्राविधिक प्रमुख पियुषकुमार रानाभाटले बताए ।

यो उपचार केन्द्र ठोरी गापा-४ स्थित नेपाली सेनाको सिद्धिबक्स गण निर्मलबस्ती पानीटङ्कीमा २०७६ फागुन १८ गते प्रशासनबाट अनुमति लिई २४ गतेबाट सेवा सुचारु गरिएको उनले बताए । अहिलेसम्म यहाँ ४३४ जना सर्पदंशका बिरामीले उपचार पाएको र दुईजनाको उपचारको क्रममा मृत्यु भएको रानाभाटले बताए । केन्द्रमा विषालु सर्पको टोकाइबाट विष लागेका, अरिङ्गाल तथा बिच्छीले टोकेर विष लागेका बिरामीहरूको निश्शुल्क उपचार हुने गरेको उनले बताए ।


ठोरी गापा-४ स्थित सर्पदंश उपचार केन्द्र । तस्वीरः प्रतीक

केन्द्रका संस्थापक अध्यक्ष मानबहादुर श्रेष्ठले पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती वन व्यवस्थापन समितिको अध्यक्ष रहेका बेला नेपाली सेनाको समन्वयमा आफ्नो नेतृत्वमा सामूहिक प्रयासले केन्द्रको स्थापना भएको बताए । केन्द्रको व्यवस्थापनका लागि ठोरी गापा कार्यालय, सयपत्री बचत तथा ऋण सहकारी संस्था, विजयबस्ती तथा अन्य सङ्घसंस्थाले सहयोग गरेको उनले बताए । बिरामीको उपचारका लागि आवश्यक एन्टिस्नेक भेनम स्वास्थ्य व्यवस्थापन कार्यालय, हेटौंडाबाट निश्शुल्क ल्याउने गरिएको अध्यक्ष श्रेष्ठले बताए ।

सर्पदंश उपचार केन्द्रको सेवा प्रभावकारी तथा व्यवस्थापनमा ठोरी गापाको कार्यालयले पनि सहयोग गरिरहेको समितिका अध्यक्ष श्रेष्ठले बताए । हालै सोलार प्यानलबाट विद्युत् आपूर्तिमा समस्या आएपछि गापाले जेनेरेटर जडान गरेको श्रेष्ठले बताए ।

ठोरी गापा अध्यक्ष लालबहादुर श्रेष्ठले सर्पदंश उपचार केन्द्र जङ्गलभित्र रहेकोले सेवाग्राहीहरू पुग्न अलमलमा परिरहेकाले आगामी आवदेखि जङ्गलसँग जोडेर पक्की भवन निर्माण गर्ने बताए । यसका साथै केन्द्रमा कुनै बेला चिकित्सक नहुँदा बिरामी आएको खण्डमा भेन्टिलेटरको व्यवस्थासमेत मिलाउने बताए ।

यसका अलावा केन्द्रलाई आवश्यक पर्ने सामग्री आपूर्ति गर्ने अध्यक्ष श्रेष्ठले बताए । पर्सामा सर्पदंश उपचार केन्द्र, ठोरीमा मात्र छ ।

# खेलकूदको संसार

## युएई सेमिफाइनलमा प्रवेश

काठमाडौं, १३ वैशाख/रासस

एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगित अर्न्गात समूह 'बी'बाट संयुक्त अरब इमिरेट्स (युएई) सेमिफाइनलमा पुगेको छ । मूलपानी क्रिकेट मैदानमा बुधबार भएको खेलमा युएईले बहराइनलाई आठ विकेटले पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो ।


तस्वीरः सौजन्य

युएईले छ अङ्क जोड्दै समूह 'बी'बाट शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा पुगेको हो । यससँगै समूह चरणमा चार खेल खेलेको युएईले तीन खेलमा जीत तथा एक खेलमा हार बेहोरेको छ । पहिले ब्याटिङ गरेको बहराइनले युएईलाई जीतका लागि ११७ रनको सामान्य लक्ष्य दिएको थियो । जवाफमा युएईले २७ दशमलव चार ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो ।

युएईका लागि वृत्य अरविन्दले सर्वाधिक ६२ रनको योगदान दिए । उनले ८४ बलमा पाँच चौका र एक छक्काको मदतमा अविजित ६२ रन बनाए । त्यसैगरी, रोहन मुस्तफाले ५० रन जोडे । उनले ५६ बल खेल्दै पाँच चौका र एक छक्का प्रहार गर्दै अविजित ५० रन बनाए । बलिङतर्फ बहराइनका अब्दुल मजिदले दुई विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको बहराइनका लागि अलि दवद र हैदर बुटले समान २३/२३ रन जोडे भने मुहम्मद युनिसले १६ तथा इमरान अनवरले १४ रन बनाए । वासिक अहमदले १२ तथा अब्दुल मजितले ११ रन बनाए ।

बहराइनलाई ११६ रनमा समेट्ने क्रममा युएईका आयन अफजल खान एक्लैले चार विकेट झारे भने रोहन मुस्ताफा र कात्तिक मैयप्पनले समान दुई/दुई विकेट लिए । यस हारसँगै बहराइन भने प्रतियोगिताबाट बाहिरिएको छ ।

## साउदी अरेबियालाई हराउँदै ओमान सेमिफाइनल

काठमाडौं, १३ वैशाख/रासस

एसिसी प्रिमियर लिग क्रिकेट प्रतियोगिता अन्तर्गत आज भएको समूह अन्तर्गतको खेलमा ओमानले साउदी अरेबियालाई पराजित गर्दै सेमिफाइनमा प्रवेश गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा ओमानले साउदी अरेबियालाई ७२ रनको फराकिलो अन्तरले पराजित गर्दै समूह 'ए'बाट सेमिफाइनलमा पुग्ने दोस्रो टोली बनेको छ । सो समूहबाट यसअघि नेपाल सेमिफाइनलमा प्रवेश गरिसकेको थियो । यो जीतसँगै ओमानले चार खेलमा छ अङ्क बटुल्दै सेमिफाइनल यात्रा तय गरेको हो ।

ओमानले साउदी अरेबियालाई जीतको लागि ३६७ रनको चुनौती दिएको थियो । जवाफमा साउदी अरेबिया ४६ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै २९४ रनमा समेटियो । साउदी अरेबियाका लागि सुरुआती ब्याट्समान अब्दुल वहिदले ९५ रनको योगदान गरे । उनले ८६ बल खेल्दै १४ चौका र एक छक्काको मदतमा ९५ रनको योगदान गरेका थिए ।

त्यस्तै, साद खानले ७८ रन बनाए । उनले ८० बलमा १० चौका र एक छक्का प्रहार गरे । हिसम शेखले ३६, अब्दुल वाहिदले २५, अतिफ उर रहमानले १६ तथा इमरान आरिफले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

बलिङतर्फ ओमानका खेलाडी बिलाल खान एक्लैले चार विकेट लिए भने जय ओडेद्राले तीन विकेट झारे । जिसन मोक्सुदले दुई विकेट लिंदा आयन खानले एक विकेट लिए ।

ओमानका पाँचजना ब्याटरले अर्धशतक प्रहार गरेका थिए ।

ओमानका जीतेन्द्र सिंहले सर्वाधिक ८८ रनको योगदान दिए । उनले ७९ बल खेल्दै ११ चौका र दुई छक्काको मदतमा ८८ रनको योगदान गरेका थिए । त्यसैगरी, ओमानका अर्का खेलाडी मोहमद नादिमले अविजित ७१ रन बनाउँदा सोहेब खानले ६८ तथा कप्तान जिसन मोक्सुदले ५४ रन जोडे । त्यस्तै, कश्यप प्रजापतिले ५१ रनको योगदान दिए ।

बलिङतर्फ साउदी अरेबियाका अतिफ उर रहमानले तीन विकेट लिए भने अब्दुल वाहिदले दुई विकेट झारे । यस हारसँगै साउदी अरेबिया भने प्रतियोगिताबाट बाहिरिएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा समूह चरणको अन्तिम खेलमा नेपालले भोलि कतारको सामना गर्नेछ । उक्त खेल बिहान ९ बजेदेखि सञ्चालन हुनेछ । यस खेलबाट समूह विजेता र उपविजेताको टुङ्गो लाग्नेछ ।

# बजारमा पाठ्यपुस्तकको अभाव र गुणस्तरीयताको नाममा विकृति

प्रस, परवानीपुर, १३ वैशाख/

२०८० सालको शैक्षिकसत्र भर्खरै शुरु भएको छ । हरेक अभिभावकलाई आफ्नो छोराछोरीका लागि पाठ्यपुस्तकदेखि शैक्षिक सामग्री जोहो गर्न हम्मेहम्मे परेको छ ।


यसै क्रममा वार्षिक करोडौं रुपियाँको कारोबार हुने वीरगंजमा पाठ्यपुस्तकको अभाव देखिएको छ । सूची अनुसारका पाठ्यपुस्तक नपाएको अभिभावकहरूले गुनासो गरेका छन् । सरकारी तथा निजी विद्यालय दुवैमा अध्यापन गराइने पाठ्यपुस्तकको वीरगंजमा हाहाकार भएको हो । आर्थिक मन्दी, बैंकबाट ऋण नपाउनु तथा कागजको मूल्यवृद्धिले गर्दा पुस्तक छपाइमा ढिलाइ भएर पर्याप्त मात्रामा पुस्तक बजारमा आउन नसकेको पुस्तक विक्रेताहरू बताउँछन् ।

अहिले कागजको मूल्यमा अत्यधिक वृद्धि भएको, बैंकले ऋण दिन नसकिरहेको, प्रत्येक वर्ष पाठ्यक्रम फेरबदल हुने गर्दा बजारमा पाठ्यपुस्तक नपाएको पुस्तक विक्रेताहरू बताउँछन् । सामाजिक शिक्षा र सामान्य ज्ञानमा विषयवस्तु थपेर आउँदा यी पुस्तकहरू प्रत्येक वर्ष छपाइ गर्नुपर्ने छ ।

पर्साका वीरगंजलगायत जिल्लाभरि चार सयको हाराहारीमा सामुदायिक र निजी विद्यालय छन् । ग्रामीण भेगका विद्यालयमा पनि पाठ्यपुस्तक सहजरूपमा उपलब्ध हुन सकेको छैन । पाठ्यपुस्तक आपूर्तिमा अर्को समस्या भनेको गुणस्तर पनि हो । केही प्रकाशनका पुस्तकमा कमसल कागजसँगै छपाइ र विषयवस्तुमा पनि धेरै अशुद्धि देखिएका छन्, जसले विद्यार्थीहरूमा अन्योलता बढाएको छ । ओसिस पब्लिकेशनको कक्षा १ को अङ्ग्रेजी विषय 'वन्डर इङ्लिश' र अन्य पब्लिकेशनका विज्ञान विषयमा पनि धेरै गलती भेटिएका छन् ।


तस्वीरः फाइल

चालू आवमा सरकारले कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइ गर्न निजी कम्पनीलाई जिम्मेवारी दिएको छ भने कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रले छपाइ गरिरहेको छ । सरकारी पुस्तकमा नौ प्रतिशत र निजी विद्यालयको पुस्तकमा पाँचदेखि २० प्रतिशतसम्म पुस्तक व्यवसायीहरूले कमिशन लिने गरेका छन् ।




**औषधिको सही सेवन गरौं**

- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिसेवन नगरौं ।
- जथाभावी औषधिसेवनले स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ ।
- जथाभावी औषधिसेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने, अपाङ्गता हुन सक्ने र ज्यानैसमेत जान सक्छ ।
- एन्टिबायोटिकलगायतका औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं ।
- औषधि पूरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुनः बल्झिन सक्छ ।

**त्यसैले औषधिको सेवन चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्श अनुसार गर्ने गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सार्वजनिक जग्गामा बनाइएको संरचना हटाउन निर्देशन

प्रस, वीरगंज, १३ वैशाख/

सखुवाप्रसौनी गाउँपालिकाले सार्वजनिक जग्गामा बनाइएका घरटहरा तथा अतिक्रमित सडक खाली गर्न निर्देशन दिएको छ ।

गापाले सात दिनभित्र सार्वजनिक जग्गामा बनाइएका संरचना तथा सडक अतिक्रमण गरी राखिएका सामानहरू हटाउन निर्देशन दिएको हो ।

एकडर्वा गाउँको दक्षिण नहरदेखि हुलाकी सडक हुँदै श्मशानघाटसम्म सडक निर्माण भइरहेको हुँदा सार्वजनिक जग्गामा बनाइएका घरटहरा सात दिनभित्र हटाउन गापा अध्यक्ष यशवन्त यादवको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले सूचना जारी गरेका छन् ।